**व्यक्तिगत घटना समयमा नै दर्ता गराऔं ।**

- जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाईसराई जस्ता व्यक्तिगत घटना समयमा नै दर्ता गरौं गराऔं ।
- व्यक्तिगत घटना दर्ता व्यक्ति पहिचानको पहिलो आधार हो ।
- यस्ता घटना ३५ दिनभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालय (वडा कार्यालय) मा नि:शुल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- विकासका योजना तर्जुमा गर्न, राज्यबाट नागरिकलाई प्रदान गरिने सेवा सुविधा सुनिश्चित गर्न, जनसंख्याको विवरण अद्यावधिक लगायतका कार्यका लागि व्यक्तिगत घटना दर्ता आवश्यक छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# प्रभाव दैनिक

National Daily

वर्ष ९ | अंक २५६ | काठमाडौं | सोमबार, २ माघ २०७९ | Prabhab National Daily | Monday, January 16, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




तस्बिर: रासस

# भयानक दुर्घटना

## ६८ जनाको मृत्यु, ४ जनाको अवस्था अज्ञात

- आइतबार साँझसम्म ६८ जनाको शव फेला
- नेपाली हवाई उडान इतिहासमै सबैभन्दा ठूलो मानवीय क्षति
- शोक मनाउन आज सार्वजनिक बिदा, राष्ट्रिय झण्डा आधा झुकाइने
- पूर्वसचिव नागेन्द्र घिमिरेको संयोजकत्वमा जाँच आयोग गठन

■ **जेबी योञ्जन**

**काठमाडौं-** आन्तरिक हवाई उडानको इतिहासमा सबैभन्दा बढी ६८ जनाको ज्यान जानेगरी सोमबार यती एयरलाइन्सको एटिआर-७२ विमान दुर्घटना भएको छ । काठमाडौंबाट आइतबार बिहान १०:३३ बजे पोखराका लागि उडेको विमान पोखरा विमानस्थलमा अवतरण गर्नेक्रममा दुर्घटनामा परेको हो ।

भर्खरै उद्घाटन भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र पुरानो विमानस्थलबीचमा पर्ने घारीपाटनस्थित सेती खोँचमा करिब ११ बजे विमान दुर्घटनामा परेको थियो । विमानमा ५७ जना नेपाली, पाँच जना भारतीय, चार जना रसियन, दुई जना कोरियन, एक-एक जना अर्जेन्टिनी, अस्ट्रेलियन, आइरिस र फ्रान्सेली नागरिक सवार थिए । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार उनीहरूमध्ये २५ महिला, ३७ पुरुष, ती बालक र तीन शिशु थिए ।

सांस्कृतिक पर्व माघे संक्रान्ति र माघीको रौनक चलिरहेकै दिन भएको दुर्घटनाले देशलाई शोकमा डुबाएको छ । सरकारले दुर्घटनाको शोक मनाउन आज सोमबार सार्वजनिक बिदा दिएको छ । आज राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय गरेको छ । गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखेरेलले अत्यावश्यकबाहेकका सेवा र कार्यक्रम स्थगित गरिएको जानकारी दिए । विमान दुर्घटनाको शोकमा उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने अध्यक्ष रहेको भूकम्प सुरक्षा दिवस मूल समारोह समितिले आज मनाउन तय भएको २५औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस पनि स्थगित गरिएको मन्त्रालयले जनाएको छ ।

नागरिक उड्डयन प्राधिकरणका अनुसार दुर्घटनामा परेकामध्ये ६८ जनाको शव फेला परेको छ । बाँकी चार जनाको शव अझै फेला परेको छैन । आज पुन: बाँकी शवको खोजी गरिने जनाएको छ । शवको खोजीमा काठमाडौंबाट गएको सशस्त्र प्रहरीको गोताखोरसहितको टोली परिचालित छ । नदी क्षेत्रमा बत्ती जडान गरेर टोलीले बेपत्ता भएकाहरूको खोजी गरेको हो । जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी प्रमुख अजय केसीका अनुसार नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका उद्धार टोली उद्धार तथा खोजी कार्यमा परिचालित छन् ।

दुर्घटनामा परी पाइलट कमल केसी, को-पाइलट अञ्जु खतिवडा र एयर होस्टेसहरू सिर्जना होंगजुङ र ओसिन आले मगरको मृत्यु भएको छ । केसी यती एयरलाइन्सको वरिष्ठ पाइलट हुन् । उनी प्रशिक्षकसमेत थिए । २० वर्ष लामो उडान अनुभव भएका उनैले प्रशिक्षण दिँदै आएका थिए- अञ्जुलाई पनि । अञ्जु आइतबार भएको उडान सफल भएको भए पाइलटमा 'अपग्रेड' हुने थिइन् । तर, सेती खोँचमा भएको भयानक दुर्घटनाले उनको सपना टुटाइदियो । १७ वर्षअघि अञ्जुले पति को-पाइलट दीपक पोखरेललाई जुम्लामा भएको यती एयरलाइन्सकै विमान दुर्घटनामा गुमाएकी थिइन् । एउटै विमान कम्पनीको विमानमा पति र पत्नीको मृत्यु (**बाँकी पृष्ठ २ मा**)

## कार्यान्वयन हुँदैनन् छानबिन समितिका प्रतिवेदन

■ **रमेश लम्साल/ सिबी अधिकारी**

**काठमाडौं-** सरकारले हवाई दुर्घटना कम गर्न अनेकन प्रयास गरे पनि अपेक्षित प्रगति हुन सकेको छैन । पटक-पटक छानबिन समिति गठन गरेर प्रतिवेदन दिइए पनि दुर्घटनामा न्यूनीकरण हुनुको साटो दुर्घटनाको संख्या भने बढ्दो छ ।

मानवीय क्षतिको हिसाबले आइतबार पोखरामा यती एयरलाइन्सको विमान दुर्घटना आन्तरिक उडानतर्फको सबैभन्दा ठूलो हो । काठमाडौंबाट पोखराका लागि उडेको एनवाइटी-६९१, नाइन एन- एएनसी जहाज दुर्घटना हुँदा ठूलो जनधनको क्षति भएको छ ।

हालै सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा परीक्षण उडान गरेकै जहाज दुर्घटनामा परेको हो । तुलनात्मकरूपमा सुरक्षित मानिएको एटिआर सिरिजका जहाज दुर्घटना पर्नु आफैंमा दुर्भाग्य भएको वायुसेवा सञ्चालक संघका प्रतिनिधि एवं आधिकारिक व्यवस्थापक घनश्यामराज आचार्यको भनाइ छ ।

उनले नेपालमा साना विमान बढी मात्रामा (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# 'वैदेशिक रोजगार अनिवार्य विकल्प'

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** नेपाली कांग्रेसका प्रमुख सचेतक एवं संघीय सांसद रमेश लेखकले रोजगारीको विकल्प वैदेशिक रोजगारी भएको बताएका छन् । नेपाल वैदेशिक रोजगार संघको यही माघ ६ गते हुने निर्वाचनमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका उम्मेदवारहरूको आधिकारिक टिम घोषणा कार्यक्रममा लेखकले उक्त कुरा बताएका हुन् ।

मुलुक लामो समयदेखि वैदेशिक रोजगारीमा निर्भर रहँदै आएको भन्दै लेखकले वैदेशिक रोजगारी अनिवार्य विकल्प भएको बताए । उनले विदेश जानबाट युवाहरूलाई रोक्ने, मुलुकमै रोजगारी सिर्जना गर्ने चिल्ला कुरा मात्रै भएको र यसप्रति कसैले ध्यान नदिएको बताए । 'रोजगारी सिर्जनका लागि आवश्यक भौतिक पूर्वाधार, उद्योग कलकारखाना, कृषि तथा व्यवसायिक उत्पादनमा सुधार नगरी स्वदेशमा नै रोजगारीको कुरा गरिरहनुको कुनै अर्थ छैन,' लेखकले भने, 'वैदेशिक रोजगारी विश्वव्यापी टेण्डेन्सी हो, नेपालीहरू मलेसिया, खाडी कोरिया जान्छन् त्यहाँका मान्छे विकसित मुलुकमा गइरहेका छन्, यसलाई रोक्न सकिन्न ।'

उनले माओवादी जनयुद्धको समयमासमेत वैदेशिक रोजगारीले मुलुकको अर्थतन्त्र थामेको स्मरण गर्दै अहिले पनि रेमिटचान्सकै भरमा मुलुक चलिरहेको बताए ।

सांसद लेखकले वैदेशिक रोजगारीको क्षेत्रमा उल्लेख्य भूमिका खेलेको भन्दै म्यानपावर व्यवसायीहरूको प्रशंसा गरे । संघको निर्वाचनमा कुमुद खनाल नेतृत्वको लोकतान्त्रिक प्यानललाई विजयी गराउन पनि उनले आग्रह गरे । उनले संघको निर्वाचनका सम्बन्धमा लोकतान्त्रिक एसोसिएसनभित्र देखिएको विवादलाई हल गरी एकतावद्ध भएर निर्वाचनमा जानुपर्ने बताए । यसका लागि एसोसिएसनमा विमति राखी व्यवसायीहरूले अध्यक्षलगायतका पदमा दिएको उम्मेदवारी स्थगन गरी सहमति र नीति, सिद्धान्तमा ध्यान दिन आग्रह गरे ।

नेपाली कांग्रेसको शुभेच्छुक संस्था लोकतान्त्रिक एसोसिएसनमा संघको निर्वाचनलाई लिएर उम्मेदवारी दिने आकांक्षीहरू धेरै भएपछि उत्पन्न भएको विवाद मिलाउने जिम्मा लेखकलाई दिइएको छ । यद्यपि, लेखकले विवाद समाधानका लागि गरेका प्रयास सफल नभएपछि एसोसिएसनका तर्फबाट भन्दै अध्यक्षमा भुवनसिं गुरुङले उम्मेदवारी दर्ता गराएका छन् भने उनले सिंगो प्यानल नै खडा गरेका छन् । तर, नेपाली कांग्रेसले खनाल समूहको प्यानललाई नै आधिकारिकता दिँदै आइतबार टिम घोषणा गरेको छ ।

### लोकतान्त्रिक प्यानल घोषणा

वैदेशिक रोजगार व्यवसायी संघको यही माघ ६ गते हुने निर्वाचनका लागि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका उम्मेदवारहरूको आधिकारिक टिम घोषणा गरिएको छ । संघको नेतृत्वका लागि लामो समयदेखि उम्मेदवारीका विषयमा देखिएको विवादका बाबजुद पनि एसोसिएसनले आधिकारिक टिम घोषणा गरेको हो । नेपाली कांग्रेसले शुभेच्छुक संस्था लोकतान्त्रिक एसोसिएसनबाट कुमुद खनाललाई अध्यक्षमा अघि सारेको छ भने उनकै नेतृत्वको प्यानललाई आधिकारिकता दिएपछि आइतबार टिम घोषणा गरिएको हो ।

**लोकतान्त्रिक प्यानल**

**अध्यक्ष : कुमुद खनाल**
**प्रथम उपाध्यक्ष : किशोरकुमार केसी**
**द्वितीय उपाध्यक्ष : अख्तर हुसेन**
**तृतीय उपाध्यक्ष : सञ्जय पनेरु**
**महासचिव : मेघनाथ भुर्तेल**
**सचिव : कर्णराज कटुवाल**
**कोषाध्य : हिमा गुरुङ**
**सदस्यहरू:**
**चन्द्रबहादुर लिम्बू, कैलाश पाठक, तोरणकुमार कार्की, नारायण भुसाल, राजकाजी भोलान, विक्रम श्रेष्ठ, मो. इजरायल, फिरोज खान**

नेपाली कांग्रेसका प्रमुख सचेतक एवं सांसद लेखकको उपस्थितिमा घोषणा गरिएको टिमको अध्यक्षमा खनाल, प्रथम, द्वितीय र तृतीय उपाध्यक्षमा किशोरकुमार केसी, अख्तर हुसेन र सञ्जय पनेरु महासचिवमा मेघनाथ भुर्तेल, सचिवमा कर्णराज कटुवाल र कोषाध्यक्षमा हिमा गुरुङ उम्मेदवार रहेका छन् । त्यस्तै सदस्यहरूमा चन्द्र बहादुर लिम्बू, कैलाश पाठक, तोरणकुमार कार्की, नारायण भुसाल, राजकाजी भोलान, विक्रम श्रेष्ठ, मो. इजरायल, फिरोज खानलाई उम्मेदवारमा समेटिएको छ । १७ सदस्यीय कार्यसमितिका लागि दुई जनाको नाम अझै तय भइनसकेको एसोसिएसनले जनाएको छ ।

एसोसिएसनले तराई मधेस म्यानपावर व्यवसायी संघसँग पनि गठबन्धन गरेको छ । साथै, संघको तदर्थ समितिका संयोजक विमल ढकालले पनि एसोसिएसनलाई समर्थन गरेका छन् । उनले टिम घोषणा कार्यक्रमबाटै एसोसिएसनका उम्मेदवारलाई निर्वाचित गराउन सबै व्यवसायीलाई मतदान गर्न आग्रह गरे । त्यस्तै कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका लेखकले उम्मेदवारहरूलाई कुनै निराश नभई निर्धक्कसँग चुनावमा भाग लिन र नतिजा आफ्नो पक्षमा पार्न निर्देशन नै गरे ।

टिम घोषणापछि अध्यक्षका उम्मेदवार खनालले वैदेशिक रोजगार व्यवसायलाई मर्यादित, व्यवस्थित, नियमित गर्ने तथा पेसागत हक हितको सुरक्षाका साथै कामदारका हकहित र सुरक्षामा ध्यान दिने मूल उद्देश्यका साथ आफूले उम्मेदवारी दिएको बताए । उनले वैदेशिक रोजगारको क्षेत्रमा भइरहेको चौतर्फी आक्रमणको अन्त्य गर्नका लागि व्यवसायिक एकतासहितको सक्षम र जुझारु नेतृत्व एवं समन्वयकारी भूमिका निर्वाह गर्न सक्ने संघको भूमिकालाई बढाउन लोकतान्त्रिक समूहलाई निर्वाचित गराउन आग्रह गरे ।


## हार्दिक निमन्त्रणा

**आदरणिय बैदेशिक रोजगार ब्यवसायी ज्यूहरु**

नेपाल बैदेशिक रोजगार ब्यवसायी संघको मिति २०७९ माघ ०६ गते सम्पन हुन गईरहेको निर्वाचनका लागि **नेपाली काँग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसनको** तर्फबाट **सिनामंगल**, **म्यानपावर बजार**, **गैरी गाँउ**, **तिनकुने**, **नयाँबानेश्वर**, क्षेत्रका ब्यवसायीहरूसंग चुनाव केन्द्रीत छलफल र भेटघाटको आयोजना गरिएकोले निम्न मिति स्थान र समयमा आयोजना हुन गईरहेको सहर्ष जानकारी गराउदैं उक्त सभालाई सफलता पूर्वक सम्पन्न गराउन यहाँहरूको सक्रिय सहभागीतको लागी हार्दिक निमन्त्रणा गर्दछौ ।

**स्थान** : ईलाभेन रेष्ट्रो सिनामंगल ।
**मिति** : २०७९। १०।०२ गते सोमवार
**समय** : दिउसो ३ बजे

**सम्र्पक ब्यक्तिहरु**

| | |
|---|---|
| मेधनाथ भूर्तेल | : ९८५१०७०२८२ |
| चन्द्र लिम्बू | : ९८५१२७६०३० |
| तुलसी पुरी | : ९८४१७८८४४८ |
| तोरण कुमार कार्की | : ९८४१८७६०८७ |
| कैलाश पाठक | : ९८५१०९६२०० |
| अख्तर हुसैन | : ९८५१११७८५७ |

**तारानाथ अर्याल**
संयोजक
चुनाव प्रचार प्रसार समिति

**नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसन**
नयाँ बानेश्वर , काठमाडौं ।

# रूपावासीको गौरव थिए पाइलट केसी

**गण्डकी–** पोखरामा भएको यती एयरलाइन्सको जहाज दुर्घटनामा परेका पाइलट कमल केसीको निधनले यतिखेर कास्कीको रूपा गाउँपालिका शोकमा डुबेको छ । केसीको निधनले परिवारजन त साह्रै पीडामा छन् नै आफ्नो गौरव गुमाउनु पर्दा उनको जन्मस्थान पोल्याङवासी र गाउँपालिकावासी मर्माहत भएका छन् । केसीको रूपाको पोल्याङमा २०१९ सालमा जन्म भएको थियो ।

कमललाई विद्यालयमा प्राथमिक शिक्षा प्रदान गरेका उनका गुरु अग्रज पत्रकारसमेत रहेका बद्रीविनोद प्रतीक आफूलाई आजको दिनमा कमलको दुःखद निधन सुन्नुपर्दा मर्माहत बनाएको बताए । कमलले हालको रूपा गाउँपालिका-१ को जटेश्वर माविमा कक्षा ५ सम्मको अध्ययन गरेको प्रतीकले बताए । उनले भने, 'कमल कक्षामा



जहिले पनि प्रथम हुन्थे । सानैदेखि मेहनती र अनुशासित थिए । आफूले प्राथमिक शिक्षा प्रदान गरेको एकजना शिष्य र देशकै कुशल पाइलट गुमाउँदा असाध्यै पीडा भएको छ ।'

पाइलट बनेपछिसमेत केसीसँग पटक-पटक भेटघाट हुने गरेको प्रतीकले सुनाए । 'भेट्दाखेरि जहिले पनि सम्मान र आदर गर्थे । सञ्चो बिसन्चो सोधपुछ गर्ने गर्दथ्यौं । उनले चलाएको जहाज दुर्घटनामा परेको सुनेदेखि नै दिनभरि कसैसँग बोल्न पनि सकिनँ,' उनले भने ।

उमेरले छ दशक पुगेका केसी अनुभवी पाइलटका रूपमा परिचित थिए । पछिल्लो समयमा सन् २०२३ को जनवरी १ देखि सञ्चालनमा आएको पोखराको नवनिर्मित अन्तर्राष्ट्रिय विमानस्थलमा परीक्षण उडानअन्तर्गतको पहिलो विमान अवतरण गराएका केसी सँगसँगै यात्रा गरेका पोखरेली पर्यटन व्यवसायी एवं सञ्चारकर्मी यतिखेर झलझली सम्झिएका छन् ।

केसी रूपा गाउँपालिकाबाट पहिलो पाइलट बनेको गाउँपालिकाका अध्यक्ष नवराज ओझाले जानकारी दिए । 'उहाँकै प्रेरणाबाट पछि रूपाबाट अरू पनि पाइलट बन्नुभएको छ,' उनले भने, 'केसीको निधन हाम्रा लागि अपूरणीय क्षति हो ।' *रासस*

## भयानक...

पृष्ठ १ बाट जारी

भएको हो ।

आइतबार साँझसम्म फेला परेकामध्ये १२ शवको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा पहिचान भएको छ । बाँकीको पहिचान खुल्न बाँकी छ । मृतकहरूको शव आज सोमबार परिवारलाई बुझाउने कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी अनिलकुमार शाहीले बताए । उनले आइतबार साँझ विज्ञप्ति जारी गर्दै यस्तो बताएका हुन् ।

दुर्घटनामा परी मृत्यु हुनेमा यमुना गुरुङ, यास्मिन गुरुङ, रवीन हमाल, पूर्णबहादुर गुरुङ, जितेन्द्रबहादुर कुँवर, एलिना बन्ड्रो, अनिशा बानियाँ, सञ्जय जैसवाल, सोनु जैसवाल, रचना काफ्ले, किसान आचार्य, निशान्त आचार्य, शालिग्राम आचार्य, सविना रायमाझी, राजन सापकोटा, अनिल शाही, संगीता शाही, मेरोल लभ, आयुरी ल्यागिन, भिक्टर ल्यागिन, जेनितसन्डरा पालाभेकिनो, भिक्टोरिया अतुनिना, सीताकुमारी खड्का, अनिलकुमार राजभार र भगवती कुँवर छन् । यस्तै, अभिषेक कुशवाह, ओममाया गुरुङ, जमुना शर्मा, अनकालुम क्रिस्टोन, अलेक्जेण्डर आइरिडोरे, विशाल शर्मा, सूष्मा पाण्डे, युवराज शर्मा, स्लक भट्ट, निरा छन्त्याल, आशिमा गुरुङ, अनुशा गुरुङ, बेलमान गुरुङ, विजयकुमार गुरुङ, जीवनकला गुरुङ, माया गुरुङ, लक्की गुरुङ, शिवकुमार गुरुङ, सीता गुरुङ, सडकात अलिमिया, कृष परियार, हरि परियार, लक्ष्मी परियार, रीता परियार, अरुण पौडेल, लक्ष्मी पौडेल, प्रसिद्धि पौडेल, त्रिभूवन पौडेल, मोहन श्रेष्ठ, डा. सुशील श्रेष्ठ, डा. सोना दिवाकर, बन्दना सुनार, चूडा थापा, गणेश थापा, लवराज तिमिल्सिना, आयुर्धी शर्मा, बेबी शर्मा र पूजन रानाको पनि यही दुर्घटनामा ज्यान गएको छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयका अनुसार बिहीबारदेखि नै मौसम भने सफा थियो । विमानको सम्पर्क पनि १० :५८ सम्म भएको देखिएको थियो । जतिबेला विमान सेती खोँचमाथि रहेको देखाएको कार्यालयले जनाएको छ ।

दुर्घटनाप्रति राष्ट्रपति विद्यादेवी भण्डारी, उपराष्ट्रपति नन्दकिशोर पुन, प्रधानमन्त्री पुष्पकमल दाहाल, पूर्वराजा ज्ञानेन्द्र शाह तथा नेपाली कांग्रेस, नेकपा एमालेलगायत सबै दलहरूले दुःख व्यक्त गर्दै मृतकहरूप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन् ।

सरकारले विमान दुर्घटनाको सत्यतथ्य पत्ता लगाउन पाँच सदस्यीय जाँच आयोग गठन गरेको छ । दुर्घटनाको कारण पहिचान गर्न र आगामी दिनमा त्यस्ता दुर्घटनाहरू दोहोरिन नदिनका लागि अपनाउनुपर्ने सुझावसहितको प्रतिवेदन दिन आयोग गठन गरेको हो । आयोगको संयोजकमा पूर्वसचिव नागेन्द्र घिमिरे छन् । सदस्यहरूमा हवाई विज्ञद्वय दीपकप्रकाश बास्तोला (अवकाशप्राप्त उपरथी) र सुनिल थापा (अवकाशप्राप्त क्याप्टेन) तथा हवाई मर्मत इन्जिनियर एकराजजङ थापा छन् । आयोगको सदस्यसचिवमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने छन् ।

आयोगलाई प्रतिवेदन बुझाउने ४५ दिनको समयावधि तोकिएको छ । आयोगलाई दुर्घटनाको कारण पहिचान गर्नुका साथै आगामी दिनमा त्यस्ता दुर्घटना हुन नदिनका लागि गर्नुपर्ने कार्यका लागि सुझावसहितको प्रतिवेदन पेस गर्ने जिम्मेवारी दिइएको छ । प्रतिवेदन प्राप्त भएलगत्तै सरकारले सुझाव कार्यान्वयनको व्यवस्था मिलाउने उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बताए । गैरसैनिक हवाई उडान दुर्घटना जाँच नियमावली, २०७१ अनुसार दुर्घटना जाँच आयोग गठन गरिएको हो ।

यस्तै, सरकारले हवाई दुर्घटना हुन नदिन आन्तरिक उडानतर्फका सबै वायुसेवा कम्पनीलाई उडानअघि अनिवार्य प्राविधिक परीक्षण गर्न निर्देशन दिएको छ । प्रधानमन्त्रीनिवास बालुवाटारमा आइतबार बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले विमान परीक्षण गरे/नगरेको अनुगमन गर्न नागरिक उड्डयन प्राधिरकणलाई निर्देशन दिएको पौडेलले जानकारी दिए ।

'आन्तरिक उडानमा रहेका विमानको प्राविधिक पक्षको परीक्षण अनिवार्य गर्ने व्यवस्थाले हवाई दुर्घटना कम गर्न सघाउ पुग्ने हाम्रो अपेक्षा छ । बैठकले घटनाप्रति गहिरो दुःख व्यक्त गरेको छ । दिवंगतप्रति श्रद्धाञ्जली व्यक्त गरेको छ,' पौडेलले भने ।

घटनाबारेमा जानकारी लिन चाहने परिवार, आफन्त र अन्य सरोकारवालाका लागि सम्पर्क र विश्वसनीय सूचनाको प्रबन्ध गर्न त्रिभुवन विमानस्थलमा कल सेन्टर स्थापना गर्ने निर्णय गरेको छ ।

सरकारले पार्थिव शरीर बुझ्न र आ-आफ्नो स्थानमा लैजान चाहनेका लागि सहजीकरण गर्न आवश्यक प्रबन्ध मिलाउने निर्णयसमेत गरेको छ ।

नेपाली आकाशमा हडाई उडान साढे छ दशकदेखि हुँदै आएको छ । यसबीचमा सर्वाधिक भयानक हवाई दुर्घटना आइतबार भएको हो । दुर्घटनाका कारण फेरि प्रश्न उठेको छ- नेपाली आकाशमार्ग कति सुरक्षित छ ?

आइतबार पोखराको सेती खोँचमा भएको विमान दुर्घटना नेपाली आकाशमा भएको १०४ औं हवाई दुर्घटना हो । व्यावसायिक आन्तरिक उडानमा यो ५० औं दुर्घटना हो । तर, आन्तरिक उडान इतिहासमै सबैभन्दा ठूलो दुर्घटना हो । नेपालको सन्दर्भमा यति धेरै जनधनको क्षति हवाई उडानमा कहिल्यै भएको थिएन ।

नागरिक उड्डयन प्राधिकरणको 'एभिएसन सेफ्टी रिपोर्ट-२०२२' अनुसार मानवीय क्षति धेरै भएको पोखरा दुर्घटना नै हो । तर, नेपाली आकाशमा भएका अन्तर ष्ट्रिय उडानसहितको दुर्घटनालाई जोड्ने हो भने यो तेस्रो ठूलो दुर्घटना हो । नेपालमा व्यावसायिक आन्तरिक उडानतर्फ सन् १९६९ को जुलाई १२ मा हेटौंडामा भएको नेपाल एयरलाइन्सको विमान दुर्घटनामा ३५ जनाको ज्यान गएको थियो ।

## आज सार्वजनिक बिदा

**काठमाडौं (प्रस)–** सरकारले आइतबार पोखरामा भएको यती एयरलाइन्सको विमान दुर्घटनाको शोकमा आज सोमबार सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले माघ २ गते सोमबार सार्वजनिक बिदा दिने निर्णय गरेको सरकारका प्रवक्तासमेत रहेका उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले जानकारी दिए ।

यसैबीच विमान दुर्घटनाप्रति दुःख व्यक्त गर्दै शोकको घडीमा आज राष्ट्रिय झण्डा आधा झुकाइने गृह मन्त्रालयले जानकारी दिएको छ ।

विमान दुर्घटना लगत्तै बसेको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार माघ २ गते शोक बिदा दिनुका साथै राष्ट्रिय झण्डा आधा झुकाउने तथा अत्यावश्यकबाहेकका सेवा र कार्यक्रम स्थगित गरिएको मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले जानकारी दिए ।

## कार्यान्वयन हुँदैनन्...

पृष्ठ १ बाट जारी

दुर्घटनामा पर्ने गरेका थिए । एटिआर नै दुर्घटनामा परेको पहिलोपटक हो । नेपालको भौगोलिक बनावट, विमानस्थलको क्षमता तथा यात्रु संख्यालाई ध्यान दिएर एटिआर सिरिजका विमान ल्याइएको बताउने गरिएको छ । आचार्यका अनुसार एटिआर सिरिजका विमानले इञ्जिनमा कुनै प्राविधिक समस्या देखिए जानकारी दिन्छ ।

हवाई दुर्घटनापछि गठन गरिने छानबिन समितिले दिएका प्रतिवेदन कार्यान्वयन हुन नसक्दा समस्या दोहोरिने गरेको विज्ञहरूको भनाइ छ । सरकारले हवाई दुर्घटनालगत्तै अनुसन्धानका लागि पटक-पटक उच्चस्तरीय छानबिन समिति बनाउने, प्रतिवेदन तयार पार्ने र कार्यान्वयनका लागि सिफारिस गर्ने गरेको छ । तर, प्रतिवेदन कार्यान्वयन गर्नेतर्फ ध्यान दिन नसक्दा समस्या दोहोरिने गरेको छ । आन्तरिक उडानतर्फ आइतबार बिहान पोखरामा भएको यती एयरलाइन्सको दुर्घटना पनि आफैंमा ठूलो हो ।

सरकारले पोखरामा आइतबार बिहान भएको यती एयरलाइन्सको विमान दुर्घटनाको सत्यतथ्य पत्ता लगाउन पाँच सदस्यीय जाँच आयोग गठन गरेको छ । प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले दुर्घटनाको कारण पहिचान गर्न र आगामी दिनमा त्यस्ता दुर्घटना दोहोरिन नदिनका लागि अपनाउनुपर्ने सुझावसहितको प्रतिवेदन दिन आयोग गठन गरेको हो ।

आयोगको संयोजकमा पूर्वसचिव नागेन्द्र घिमिरे छन् । आयोगका सदस्यमा हवाई विज्ञद्वय दीपकप्रकाश बाँस्तोला (अवकाशप्राप्त उपरथी) र सुनिल थापा (अवकाशप्राप्त क्याप्टेन) तथा हवाई मर्मत इञ्जिनियर एकराजजङ थापा छन् । आयोगको सदस्यसचिवमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने छन् । आयोगलाई ४५ दिनको समयावधि तोकिएको छ । आयोगले दुर्घटनाको कारण पहिचान गर्नुका साथै आगामी दिनमा त्यस्ता दुर्घटना हुन नदिनका लागि गर्नुपर्ने कार्यका लागि सुझावसहितको प्रतिवेदन पेस गर्ने जिम्मेवारी दिइएको छ । सरकारले गैरसैनिक हवाई उडान दुर्घटना जाँच नियमावली, २०७१ बमोजिम दुर्घटना जाँच आयोग गठन गरिएको हो ।

समितिले ४५ दिनभित्र प्रतिवेदन तयार पार्ने कार्यादेश दिइएको उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले जानकारी दिए । कतिपय हवाई दुर्घटना मानवीय र प्राविधिक कारणले हुने गरेको छ । त्यसमा विमानको प्राविधिक पक्षले पनि काम गर्दछ । तर, हवाई सुरक्षाको विषयलाई प्रत्येक मुलुकले उच्च प्राथमिकतामा राख्ने गरेका छन् ।

अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ)ले पनि हवाई सुरक्षाका विषयमा विशेष ध्यान दिँदै दुर्घटनाको जोखिम कम गर्न सहजीकरण गर्न गर्दै आएको छ । समस्या न्यून हुनुको साटो बरु बढ्दै गएको छ । समस्या लगातार बढ्दै गएका कारण कुनै न कुनै रूपमा समाधानको दीर्घकालीन प्रयत्न जरुरी रहेको आवश्यकतासमेत महसुस भएको छ ।

यती एयरलाइन्सको विमान दुर्घटनापछि हवाई सुरक्षाका विषयमा चासो र चिन्ता बढेको छ । विभिन्न खालका आशंका र अनुमान पनि आएका छन् । तर, सरकारले उच्चस्तरीय आयोग गठन गरिसकेको सन्दर्भमा आयोगको प्रतिवेदन नआई यसै भन्न नसकिने विज्ञ तथा जानकारको भनाइ छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक त्रिरत्न मानन्धरका अनुसार आइतबारको दुर्घटना नेपालको हवाई उड्डयन क्षेत्रकै दुर्भाग्य हो । उनले दुर्घटनाको कारणको खोजी गरी त्यसलाई कार्यान्वयन गर्नुपर्ने बताए । 'यो आफैंमा ठूलो र दुर्भाग्यपूर्ण घटना हो । तथ्य र कारण खोजी गरेर समाधानको उपाय खोजी गर्नुपर्छ,' मानन्धरले भने । हाम्रो आकाशको अवस्था, विमानको प्राविधिक अवस्था तथा एयर ट्राफिक कन्ट्रोलमा खटिने कर्मचारीको अवस्थाका बारेमासमेत अध्ययन गर्नुपर्ने सुझाव दिइएको थियो ।

नेपालमा पहिलो अन्तर्राष्ट्रिय हवाई दुर्घटना बाराको सिमरामा भएको थियो । सन् १९५५ मा कालिगा एयरको विमान दुर्घटना हुँदा दुई जनाले ज्यान गुमाएका थिए । यस्तै, सन १९५६ र १९५८ भारतीय एयरलाइन्सका दुई विमान दुर्घटना भएका थिए । ती दुर्घटनामा ३४ यात्रुको ज्यान गएको थियो ।

यस्तै, १९९२ मा थाई एयरको विमान दुर्घटना हुँदा ११३ जनाको ज्यान गएको थियो । सन् १९९२ मै पाकिस्तान एयरलाइन्सको विमान दुर्घटनामा पऱ्यो र १५७ जनाले ज्यान गुमाएका थिए ।

सन् १९९० मा लुफ्थान्सा एयरको विमान दुर्घटनामा पऱ्यो र पाँच जनाले ज्यान गुमाएका थिए । सन् २०१४ मा अवतरणको क्रममा टर्किस एयरको विमान दुर्घटनामा मानवीय क्षति भने भएन । पटक-पटक दोहारिएका यस्ता हवाई दुर्घटनाको खास कारण खोजेर आगामी दिनमा समस्या आउन नदिन सम्बद्ध पक्षले विशेष ध्यान दिनु आवश्यक छ ।

सन् २०१९ को अप्रिलमा सोलुखुम्बुको लुक्ला विमानस्थलमा समिट एयरको एउटा विमान धावनमार्गको छेउमा रहेका दुईवटा हेलिकप्टरमा गएर ठोक्किँदा कम्तीमा तीन जनाको मृत्यु भएको थियो । यस्तै, सन् २०१९ को फेब्रुअरीमा एयर डाइनेस्टीको हेलिकप्टर ताप्लेजुङमा पाथीभरा नजिकै दुर्घटनामा पर्दा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीसहित सात जनाको मृत्यु भएको थियो ।

सन् २०१८ को सेप्टेम्बरमा गोर्खाबाट काठमाडौं आउँदै गरेको अल्टिट्युड एयरको हेलिकप्टर धादिङ र नुवाकोटबीच रहेको एउटा जंगलमा दुर्घटनाग्रस्त हुँदा एक जापानी पर्यटक र अन्य पाँच जनाको मृत्यु भएको थियो । मार्च २०१८ मा बंगलादेशबाट नेपाल आएको युएस बांगला एयरलाइन्सको विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटनाग्रस्त, ५१ जनाको मृत्यु भएको थियो ।

यस्तै गत जेठ १३ गते यतिकै भगिनी संस्था तारा एयरको ट्वीनअटर जहाज मुस्ताङमा दुर्घटनामा परी २२ जनाको ज्यान गएको थियो । हालै मात्र सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नजिक भएको दुर्घटना आफैमा ठूलो मानवीय क्षतिसहितको दुर्घटना भएकाले अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण हुनु स्वाभाविक नै हो । नेपालको हवाई दुर्घटनाको इतिहासलाई हेर्ने हो भने हालसम्म छ दर्जन विमान दुर्घटनामा परेका छन् । सन १९९१ जुन ९ मा नेपाल वायुसेवा निगमको जहाज दुर्घटनामा परेको थियो ।

काठमाडौंबाट लुक्लाका लागि उडानमा रहेको सो विमान दुर्घटनामा पर्दा चालक दलका तीन सदस्यसहित १४ जनाको निधन भएको थियो । नेपालमा पहिलो हवाई दुर्घटना १९७३ अक्टोबर ६ मा भएको थियो । सोही आधारमा हेर्ने हो भने हालसम्म नेपालमा १०८औं हवाई दुर्घटना हो । यती एयरलाइन्सको हकमा भने यो चौथो दुर्घटना हो । *रासस*



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

माघ २ गते, सोमबार

| | |
|---|---|
| **मेष** | नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । |
| **वृष** | अकस्मात् धन सम्पत्ति हात पर्नेछ । |
| **मिथुन** | आज पारिवारिक प्रेम र सद्भाव बढेर जानेछ । |
| **कर्कट** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **सिंह** | प्रतिकूल समयले घेरेको छ, संयम रहनु होला । |
| **कन्या** | झुटा आरोप आइपर्दा समस्या खेप्नुपर्नेछ । |
| **तुला** | कुनै समाचारले मनमा शान्ति छाउनेछ । |
| **वृश्चिक** | व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ । |
| **धनु** | मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **मकर** | ठूला व्यक्तिले तपाईंका मेहनतको प्रशंसा गर्नेछन् । |
| **कुम्भ** | नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । |
| **मीन** | मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक


माघ २ गते, २०७९, १६ जनवरी, २०२३

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०६ | १३२.६६ |
| युरो | १ को | १४०.७८ | १४१.४२ |
| पाउन्ड स्टर्लिङ | १ को | १५८.९१ | १५९.६३ |
| स्विस फ्रैन्क | १ को | १४३.११ | १४३.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.६६ | ९०.०७ |
| क्यानाडियन डलर | १ को | ९७.४३ | ९७.८७ |
| सिंगापुर डलर | १ को | ९८.४७ | ९८.९२ |
| जापानी येन | १० को | १०.०० | १०.०५ |
| चिनियाँ युआन | १ को | १९.०४ | १९.१३ |
| साउदी अरब रियाल | १ को | ३५.११ | ३५.२७ |
| कतारी रियाल | १ को | ३६.१६ | ३६.३२ |
| थाई भाट | १ को | ३.८१ | ३.८३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.९६ | ३६.१२ |
| मलेसियन रिंगेट | १ को | २९.९८ | ३०.१२ |
| दक्षिण कोरियन वन | १०० को | १०.४९ | १०.५४ |
| स्विडिस क्रोनर | १ को | १२.६५ | १२.७१ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०२ |
| हङकङ डलर | १ को | १६.९३ | १७.०१ |
| कुवेती दिनार | १ को | ४३१.५० | ४३३.४६ |
| बहराइन दिनार | १ को | ३५०.२५ | ३५१.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# दुर्घटनापछिको उद्धार कार्य












*तस्बिरहरूः रासस*

## प्रत्यक्षदर्शी भन्छन्

# यस्तो दुर्घटना कहिल्यै देखिएको थिएन

■ **ऋषिराम बराल/धनबहादुर गुरुङ**

**लेखनाथ–** 'घरको आँगनमा घाम तापेर कुर्सीमा बसिरहेको थिएँ, आइतबार बिहान ११ बजे एक्कासि जहाज घरको छतलाई नै छुनेगरी उत्तर तर्फबाट कोल्टिँदै आयो, हेर्दाहेर्दै घरको एक मिटर पूर्वको सेती डिलको बाँस घारीमा ठूलो आवाज दिँदै बजारियो । जहाजको एक टुक्रा म बसिरहेको कुर्ची नजिकै आएर बजारियो,' जहाज दुर्घटनास्थलको एक मिटर पश्चिम स्यालदुले निवासी ८७ वर्षीय बबरजंग गुरुङले भने, 'आँखै अगाडि यस्तो दुर्घटना कहिल्यै देखेको थिइनँ ।'

'जहाज बजारिएपछि आगोको मुस्लोसहित धुवाँले गाउँ नै ढाक्यो, केही समयपछि पुलिस र आर्मी आइपुगे, मसहित मेरो परिवार र वरपरका छिमेकीसमेत ठूलो कालले बाच्यौं भनेर घरभित्र पस्यौं तर आगो फैलिन्छ कि भन्ने चिन्ता झन् बढ्न थाल्यो । पछि जहाजमा लागेको आगो नियन्त्रणमा आयो,' उनले भने ।

सेती खोँचको पूर्वी भागमा डिलको बाँसको थानमा बजारिएको विमानका केही टुक्रा सेती खोँच वारि, केही टुक्रा पारि र केही टुक्रा खोँचमा खसेका छन् । शवहरू केही डिलमा अड्किएको भए पनि अधिकांश सेती खोँचमा नै खसेका छन् ।

आइतबार बिहान पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नजिकै नयाँगाउँको खोँचमा विमान दुर्घटना भएको थियो । विमानमा ६८ यात्रु र चारजना चालक दलका सदस्यसहित ७२ जना सवार थिए । दुर्घटनाग्रस्त ९ एन-एएनसी विमान पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने क्रममा पुरानो र नयाँ विमानस्थलबीचको नयाँगाउँस्थित सेतीको खोँचमा दुर्घटनामा परेको थियो ।



दुर्घटनास्थलनजिकै नयाँगाउँ निवासी विष्णुहरि सापकोटाले भने, 'उत्तरतर्फको काहूँ डाँडातर्फबाट पुरानो विमानस्थलमा आइतबार जहाज आयो भनियो । तर, जहाज पुरानो विमानस्थलबाट पश्चिम मोडेर नयाँ विमानस्थलमा लाने क्रममा एक्कासि ढलपल ढलपल हुँदै सेती नदीको खोँच डिलको बाँसको थानमा छुन पुग्यो । अनि ठूलो आवाजसहित भुइँमा खस्यो । हामी दौडेर त्यहाँ पुग्दा आगोको मुस्लोसहित धुवाँ आइरहेको थियो,' उनले भने ।

'दुर्घटनास्थलमा जान सक्ने अवस्था थिएन । केही समयपछि आएका सुरक्षाकर्मीले पानीको फोहोराले आगो निभाउने प्रयास गरे, केही समयपछि आगो नियन्त्रणमा आएको भए पनि सेती खोँचमा रहेको लास जलेको गन्ध आइतबार दिनभरि आइनै रहेको छ,' स्थानीय सापकोटाले भने । सेती खोँचको पूर्वी भागका एक दर्जन घर विमान चालकले बचाएर सेती खोँचमा खसालेको अनुमान स्थानीय प्रीती गुरुङको आकलन छ ।

अर्का प्रत्यक्षदर्शी स्थानीय मनिषा परियारले भनिन्, 'हामी त घाम तापेर बसिरहेका थियौं, जहाज कोल्टे-कोल्टे हुँदै आयो, के भएछ भनेर हेरियो । त्यसको एकैछिनमा जहाज गति गुमाउँदै भुइँमा खस्यो, बचाउ-बचाउ भन्ने आवाज सुनियो, अनि त हामी झनै आत्तियौं ।'

विमान कोल्टे परेको दुईतीन मिनेटमै सेतीको खोँचमा ठोक्किएको उनले जानकारी दिइन् । विमान खोँचमा खसेकाले बस्ती जोगिएको उनको भनाइ थियो । 'कोल्टे कोल्टे हुँदै वारि ठोकिएर पारि जोतिन पुग्यो, अनि आगो बल्न सुरु भइहाल्यो,' मनिषाले भनिन्, 'धन्न हाम्रै घरमाथि खसेन जहाजको क्षति त हुन्थ्यो नै हाम्रो पनि बिचल्ली हुन्थ्यो ।'

आगो बल्न थालेपछि बाल्टीमा पानी लिएर गए पनि उद्धार गर्न नसकेको उनले बताइन् । केही स्थानीयले प्रहरीलाई खबर गरे पनि जलिरहेको जहाज हेर्नुभन्दा अर्को उपाय नभएको उनको भनाइ थियो । ' एकै छिनमा आगो बल्न सुरु भयो । हामीले बाल्टीमा पानी बोकेर त गयौं तर त्यसले के हुन्थ्यो ?,' उनले भनिन्, 'कसैले प्रहरीलाई फोन गर्नतिर लाग्यौं । केही छिनमा बोरिङको ट्यांकर पनि आयो त्यसपछि दमकल, एम्बुलेन्स, प्रहरी, आर्मी सबै आए । अनि बल्ल हामीलाई बाँच्नेहरू बाँच्छन् कि भन्ने भयो ।' *रासस*

## हेमजा शोकमा

■ **वासुदेव पौडेल**

**गण्डकी–** पोखराको हेमजा हनुमान चोकका राजन सापकोटाको घरमा आइतबार बिहानैदेखि खुसियाली थियो । एक त माघे संक्रान्ति पर्व अर्कोतर्फ अमेरिकाबाट आउँदै गरेका राजन ।

अमेरिकाबाट शनिबार काठमाडौं झरेका सापकोटालाई लिन उनकी श्रीमती आशिका शनिबार नै काठमाडौं पुगेकी थिइन् । माघे संक्रान्ति पनि आइतबारै परेको हुँदा सापकोटा दम्पती यती एयरलायन्सको जहाज चढी पोखरा आउँदै थिए । पोखराको विमानस्थलमा झर्न नपाउँदै दम्पती नै दुर्घटनामा परे ।

सापकोटा आउने कुरा छरछिमेक सबैलाई थाहा भइसकेको थियो । बिहानसम्मको खुसियाली छाएको सापकोटाको परिवार यतिखेर शोकमा डुबेको छ । सापकोटाकी आमा गीता दुर्घटनाको खबरसँगै बेहोस बनिन् । उनका छरछिमेक सबैका आँखा रसाएका छन् ।

डिभी परेर दुई वर्षअघि मात्र अमेरिका गएका सापकोटा गर्त वर्ष बिहे गर्नका लागि पोखरा आएका थिए । गत वर्ष माघको १९ गते विवाह गरेका सापकोटा पुनःअमेरिका फर्की शनिबारमात्रै नेपाल आएका हुन् । उनका काका प्रकाशचन्द्रका अनुसार घरपरिवारसँग भेटघाट एवं बिहेको एक वर्षपछिको उत्सव (ज्युँती मेटेर) मनाएर फर्कने गरी राजन आएका थिए ।

'दुर्घटनाको खबरसँगै हामी छरछिमेक सबै शोकमा डुबेका छौं,' उनले भने । उता दुर्घटनाले आशिकाका माइतीहरू पनि शोकमा छन् । सापकोटासँगै हेमजाकै जीतेन्द्रबहादुर कुँवर र उनकी श्रीमती भगवती पनि उक्त विमानमा सँगै दुर्घटनामा परेका छन् । घरायसी कामकाजको सिलसिलामा काठमाडौं गएको कुँवर दम्पतीले छोराछोरीलाई भने शनिबार बसमा पोखरा पठाएका थिए । जहाज दुर्घटनामा हेमजाकै चार/चार जना परेपछि यतिखेर सिंगो हेमजा शोकमा डुबेको छ । *रासस*

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### भयानक दुर्घटना, अपूरणीय क्षति

मुलुकले फेरि एउटा भयानक दुर्घटना बेहोर्नुपरेको छ । आइतबार पोखरामा यती एयरलाइन्सको विमान दुर्घटना भएको छ । काठमाडौंबाट बिहान १०:३३ बजे पोखराका लागि उडेको यती एयरलाइन्सको एटिआर-७२ विमान दुर्घटनामा परेको हो । चालक दलका चारसहित ७२ जना यात्रु लिएर पोखरा गएको उक्त विमान करिब ११ बजेतिर पोखराको घारीपाटन नजिक सेती खोँचमा दुर्घटना भएको थियो । आइतबार साँझसम्म ६८ जनाको शव निकालिएको छ । बाँकीको खोजी कार्य जारी छ ।

मानवीय क्षतिको हिसाबले आइतबार पोखरामा यती एयरलाइन्सको विमान दुर्घटना आन्तरिक उडानतर्फको सबैभन्दा ठूलो हो । काठमाडौंबाट पोखराका लागि उडेको एनवाइटी-६९१, नाइन एन- एएनसी जहाज दुर्घटना हुँदा ठूलो जनधनको क्षति भएको छ । यो मुलुकका लागि अपूरणीय क्षति हो । हालै सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा परीक्षण उडान गरेकै जहाज दुर्घटनामा परेको छ । यसले नेपालको हवाई सुरक्षासम्बन्धमा फेरि गलत सन्देश दिएको छ ।

तुलनात्मकरूपमा सुरक्षित मानिएको एटिआर सिरिजका जहाज दुर्घटना पर्नु आफैंमा दुर्भाग्य भएको यस क्षेत्रका जानकारहरू बताउँछन् । एटिआर दुर्घटनामा परेको यो नै पहिलोपटक हो । नेपालको भौगोलिक बनावट, विमानस्थलको क्षमता तथा यात्रु संख्यालाई ध्यान दिएर एटिआर सिरिजका विमान ल्याइएको बताउने गरिएको छ । विज्ञहरूका अनुसार एटिआर सिरिजका विमानले इन्जिनमा कुनै प्राविधिक समस्या देखिए जानकारी दिन्छ ।

नेपालमा पटक-पटक हुने हवाई दुर्घटनाले ठूलो जनधनको क्षति हुँदै आएको छ । प्रत्येकपटक दुर्घटना हुँदा सरकारले छानबिन समिति बनाउँछ । समितिले प्रायः मानवीय त्रुटि देखाउँदै प्रतिवेदन दिन्छ । छानबिनबाट आएका सुझावहरू पूर्णरूपमा कार्यान्वयन नहुँदा यस्तो दुर्घटना दोहोरिरहेका छन् । यो विषय निकै गम्भीर भए पनि दुर्घटना न्यूनीकरणमा सरकारले प्रभावकारी कदम चाल्न नसकेको यही घटनाले पनि पुष्टि गरेको छ ।

पोखरामा भएको यती एयरको विमान दुर्घटनाको छानबिन गर्न पनि सरकारले समिति बनाइसकेको छ । उक्त समितिलाई ४५ दिनको समयसीमा दिइएको छ । प्रतिवेदनले दुर्घटनाको यथार्थ कारण बाहिर ल्याउला भन्ने अपेक्षा गरौं । तर, प्रतिवेदनबाट आएका सुझावहरू कार्यान्वयन हुनेमा ढुक्क हुन सकिँदैन । सरकारले हवाई सुरक्षाको विषयमा कडा नीति लागू गर्न जरुरी छ । विमानको आयुदेखि नियमित विमान परीक्षणमा सरोकारवाला निकाय र सम्बन्धित विमान कम्पनीलाई जिम्मेवार बनाउनुपर्छ । पुराना विमानहरूलाई उडान रोक्न पनि जरुरी देखिन्छ । किनभने, नेपालमा विमान कम्पनीहरूले वर्षौं चलिसकेका पुराना जहाज ल्याएर उडान भर्दै आएका छन् । यो हवाई सुरक्षाका लागि ठूलो चुनौती बनेको छ ।

नेपालको हवाई सुरक्षालाई लिएर अन्तर्राष्ट्रिय समुदायले निरन्तर प्रश्न उठाउँदै आएको छ । फेरि यस्ता दुर्घटना दोहोरिरहँदा त्यसमा दबाब पुग्ने निश्चित छ ।हवाई दुर्घटना न्यूनीकरण गर्नु राज्यको मात्रै होइन, विमान कम्पनीको पनि उत्तिकै जिम्मेवारी हुन्छ । कम्पनीले आर्थिक लाभलाई मात्र केन्द्रमा राख्नु र सुरक्षाको पाटोमा गम्भीर दबन्नु दुःखद् विषय हो । त्यसैले राज्य र विमान कम्पनी दुवै यसमा जिम्मेवार बन्न जरुरी छ । यस्तो दर्दनाक घटना फेरि नदोहोरियोस् ।

पोखरा दुर्घटनामा मृत्यु भएका सबैप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकाकुल परिवारजनमा हार्द्धिक समवेदना ‼

# पूर्णमायाको ढाका मोह

▶▶ सुशीला रेग्मी

नेपालमै ढाका कपडाले प्रसिद्धि पाएको जिल्ला हो, पाल्पा । यहाँ घुमघामको सिलसिला होस् या अन्य काम विशेषले आउने आन्तरिक तथा बाहय पर्यटकले ढाका कपडाबाट उत्पादित सामग्री कोशेलीका रूपमा लैजाने गर्छन् ।

मुलुकमै ढाका कपडाको उत्पादन नभएको अवस्थामा पाल्पामा उद्योगका रूपमा ढाका कपडा सञ्चालन गर्ने पूर्णमाया महर्जन र उनका श्रीमान् स्वर्गीय गणेशमान महर्जनको योगदानकै कारण आज जिल्लाको पहिचान बनेको छ । उनीहरूकै देखासिकीबाट देशका अन्य जिल्लामा पनि ढाकाको उद्योग र व्यापार फस्टाएको छ ।

गर्ने अठोटका साथ गृह जिल्ला पाल्पा तानसेनमा फर्केर ढाका उद्योग थालनी गरिन् । पाल्पा जिल्लामै पहिलोपटक २०१५ वैशाख १५ गतेदेखि उद्योग सुरु गरेको उनी बताउँछिन् ।

महिला घरको चुलोचौकामै सीमित रहेको उतिबेलाको समयमा उनकै सक्रियतामा उद्योग स्थापना हुनु सानो कुरा थिएन । त्यस समयमा उद्योग खोल्दा धेरैले उनका कुरामा विश्वास गरेका थिएनन् तर हिम्मत र साहसका साथ उनी अगाडि बढिन् । आठ दशक पार गरे पनि उनी अहिले पनि बिहानै उठेर कारखानामा खटिएका कामदारसँगै काम गर्छिन् । उनले उद्योग खोल्दा आफ्नो

रहेकी महर्जनले चलाएको कारखानामा करिब २५ महिलालाई दैनिक रोजगार पाएका छन् । महिला कामदारलाई प्राथमिकता दिएर उद्योगमा तान बुन्न दिने गरेको उनको भनाइ छ । उनको उद्योगमा १०० वटा विभिन्न खालका तान तयारी अवस्थामा छन् । पित्लुम (खाल्डेतान), हेण्डलुम, हाते जेकार्ड, हातेतानलगायतका तानमा बसेर महिलाले ढाका कपडा तयार पार्ने गरेका छन् । पाल्पाकै पहिलो र पुरानो उद्योग भएकाले यहाँ नयाँ पुराना सबैजसो तानहरू चलनचल्तीमा आएका छन् ।

उद्योगमा नेपालका ३६ जिल्लाबाट सीप



**हालसम्म सात हजारभन्दा बढी महिलालाई आफ्नो कारखानाबाट आयआर्जनको अवसर दिएको महर्जन बताउँछिन् । उनी उमेरले डाँडापारिको घामजस्तो भए पनि यस व्यवसायमा धेरै महिला उद्यमी उत्पादन गरेर रोजगारको ढोका खोलिदिएकी छन् । उमेरले बुढ्यौली लागे पनि विशेषगरी एकल महिला, गरिब, विपन्न, दलित, जनजाति, घरपरिवार, समुदायबाट अपहेलित भएका महिलालाई प्राथमिकता दिँदै ढाका बुन्ने कार्यमा सीप तथा हौसला दिने गर्छिन् ।**

स्वदेशी बस्त्रकला पाल्पाली ढाका टोपी उद्योगका सञ्चालक महर्जनले उद्योग स्थापित गरेपछि यहाँका बेरोजगार, गरिब, विपन्न व्यक्तिले रोजगारको राम्रो अवसर पाएका छन् । जोस, जाँगर र सीप भयो भने उमेर बुढ्यौलीपन लागे पनि ढाका उद्योगमा बसेर काम गर्ने मोह जवानी अवस्थाकै देखिन्छ ८५ वर्षीय पूर्णमाया महर्जनको । अहिले पनि पूर्णमाया हँसिलो मुद्रामा ढाकाको तानमा बसेर ढाका बुन्न पाउँदा जीवनका सारा दुःख पीडा भुल्छिन् । उनको जोस, जाँगर र साहस देख्दा १६ वर्षे जवानीकै जस्तो फुर्तिलो छ ।

ढाका कपडा उत्पादनमै उनको दैनिकी बितिरहेको छ । उनलाई ढाकाको तान बुनेर दिन बिताउन पाउँदा संसारको सबैभन्दा बढी खुसी मिल्दछ । उद्योगमा सीप सिकाउने र उनीहरूलाई रोजगार दिने गरेका कारण उनको उद्योगमा धेरै श्रमिकहरू काम गर्न रुचाउँछिन् । 'महिलालाई स्वरोजगार सिर्जना गर्न पाल्पामा तानबाट ढाका बुन्ने उद्योग सुरु गरेको हुँ,' उनले भनिन्, 'अहिले जिल्लाभरि नै उद्योग फैलिदै गएको देख्दा असाध्यै खुसी लागेको छ, ढाका उद्योगले जिल्लालाई देश तथा विदेशमा चिनाएको छ ।'

रोजगारीको क्रममा उनका श्रीमान् गणेशमान महर्जनसँगै भारतमा गएकी पूर्णमायाले त्यहाँ बस्ने क्रममा महिलाले ढाका कपडा बुनेको देखेकी थिइन् । उनले पनि फुर्सदको समय सदुपयोग गर्न सीप सिकिन् । सो सीपलाई स्वदेशमै विस्तार

रोजगारीका निम्ति मात्रै नभएर गाउँका गरिब, विपन्न, घरपरिवारको अपहेलना सहेका महिलालाई स्वरोजगार सिर्जना गर्नेगरी उद्योग सुरु गरेको बताउँछिन् ।

सुरुमा परिवारले मात्रै धानेको यस व्यवसायलाई बढाउँदै जाँदा २०२० देखि कामदार राखेर काम गराएकी थिइन् । सुरुआती चरणमा सातवटा तानबाट उद्योग स्थापना गरी सात जना महिलालाई रोजगार दिएकी थिइन् । आफूले सकुन्जेलसम्म व्यवसाय चलाउने उनको योजना छ ।

उनी भन्छिन्, 'महिला आर्थिक क्षेत्रमा अब्बल नहुँदा घरपरिवार, श्रीमान्को थिचोमिचो सहेर बस्नुपरेको छ, आयआर्जनको क्षेत्रमा बलियो बनाउन मैले महिलालाई नै सीप सिकाएर स्वरोजगारको ढोका खोलिदिएको छु, धेरै महिलाले उद्योगमा काम गर्ने अवसर पाउनुभएको छ ।'

उद्योग स्थापनाका समयमा सडकमा मजदुरी गर्ने, गिट्टी कुट्ने, ढुंगा, माटो, बालुवा बोक्ने, भारी बोक्ने महिलालाई डोऱ्याएर उद्योगमा ल्याएर ढाका बुन्न लगाएको उनले अनुभव सुनाइन् । उद्योगमा ढाका बुन्ने महिलाहरू अहिले सीप विकास गरी आफैं उद्यमी बनेर व्यवसाय चलाएको देख्न पाउँदा खुसी लागेको उनले बताइन् । उनकै प्रेरणाबाट ढाका कारखानामा काम गरेका थुप्रै श्रमिकहरू आफैं उद्योग चलाएर मालिक बनेका छन् ।

पाल्पाली ढाका कपडा संघकी अध्यक्षसमेत सिक्न आएर विभिन्न ठाउँमा व्यवसाय सञ्चालन गरिरहेको महर्जन बताउँछिन् । बिहानदेखि साँझसम्म उद्योगमा कामदार नियमित खटिरहेकी हुन्छिन् । आफूले जति धेरै उत्पादन गर्न सकियो सोहीअनुसार आम्दानी हुने भएकाले उद्योगमा कामदार जुनसुकै समय निरन्तर काममा व्यस्त देखिन्छन् । यहाँ ढाका बुन्न बिहान-दिउँसो-साँझ जुनसुकै समय आफ्नो अनुकूल मिलाएर महिलाहरू आउने गर्दछन् ।

यस उद्योगमा उत्पादन भएको कपडा देशको प्रमुख सहरहरूमा पुग्ने गरेको छ । नेपालको पूर्वदेखि पश्चिमसम्मका तथा विभिन्न मुलुकबाट पनि सामान खरिद गर्न आउने गरेको उनको भनाइ छ । पहिला मासिकरूपमा तलव दिएर कामदार खटाउने महर्जनले अहिले भने ढाका बुनाइ मिटरको हिसाबले पारिश्रमिक दिने गरेको बताउँछिन् । उनका अनुसार एक मिटर ढाका बुनेबापत डिजाइनअनुसार ३०० देखि ६०० रूपैयाँसम्म पारिश्रमिक दिने गरिएको छ । व्यावसायिकरूपमा ढाका बुन्ने महिलाले यसबाट राम्रै कमाइ गर्ने गरेका छन् ।

हालसम्म सात हजारभन्दा बढी महिलालाई आफ्नो कारखानाबाट आयआर्जनको अवसर दिएको महर्जन बताउँछिन् । उनी उमेरले डाँडापारिको घामजस्तो भए पनि यस व्यवसायमा धेरै महिला उद्यमी उत्पादन गरेर रोजगारको ढोका खोलिदिएकी छन् । उमेरले बुढ्यौली लागे पनि विशेषगरी एकल महिला, गरिब, विपन्न, दलित, जनजाति, घरपरिवार, समुदायबाट अपहेलित भएका महिलालाई प्राथमिकता दिँदै ढाका बुन्ने कार्यमा सीप तथा हौसला दिने गर्छिन् ।

महर्जनले थालनी गरेको ढाका कपडा उद्योगका कारण अहिले देश तथा विदेशमा पाल्पाको पहिचान बनाउन सफल भएको छ । उद्योग सुरुआतका क्रममा पाल्पा कारागारमा रहेका थुनुवाहरूबाट कपडा बुन्ने काम गराउँदा बन्दीलाई आम्दानीको राम्रो माध्यम बनेको थियो । उनको उद्योगबाट साडी, कुर्ता, टोपी, पछ्यौरा, पर्स, झोलालगायतका गरी करिब ९० थरिका सामान उत्पादन हुने गर्दछ ।

पहिला ढाका भन्नेबित्तिकै चोली, टोपी, भोटोमा मात्रै सीमित थियो भने हिजोआज सर्ट, साडी, ब्लाउज, ब्याग, कुर्ता, पछ्यौरा, आस्कोट, पर्दा, जुत्ता, चप्पललगायतका ग्राहकको रोजाइअनुसार विभिन्न सामग्री तयार पारिन्छ । बाहिरबाट भित्रिएका मेसिनबाट उत्पादित ढाका कपडाले गर्दा पाल्पाका केही उद्योग बन्द पनि नभएका होइनन् । अहिले ब्राण्डमा लगिएपछि भने पुनः उद्योगीमा उत्साह थपिएको सम्बद्ध व्यावसायी बताउँछन् । उद्योग, व्यापार फस्टाउँदै जाँदा नयाँ नयाँ वस्तुको माग पनि थपिने क्रम जारी छ ।

जिल्लाको सदरमुकाम तानसेनसँगै ग्रामीण भेगहरू कसेनी, मदनपोखरा, कुसुमखोला, चिर्तुंधारा, बन्दिपोखरा, अर्गलीमा ढाका कपडा बुन्ने गरिन्छ । रामपुर क्षेत्रमा तानसेनमा बुनेका ढाका कपडा खरिद गरेर व्यापार व्यावसाय गरिएको छ । जिल्लामा हाल १५ वटा ढाका कारखाना सञ्चालित छन् । पाल्पाली ढाकाको नाममा छल गरेर बाहिर उत्पादन भएका ढाका यहाँ भित्रन थालेपछि दुईवटा ढाका कारखाना बन्द हुन पुग्यो । अहिले पुनः बन्द रहेका कारखानालाई सञ्चालनमा ल्याइएको छ ।

पाल्पाली ढाका कपडा संघले ढाका कपडासम्बन्धी सीप विकास तालिम, नयाँ कारखाना स्थापना गर्ने व्यावसायीलाई विभिन्न बैंकबाट ऋण सहयोग, सहज रूपमा धागो उपलब्ध गराएको छ । संघले ढाकाको सामग्री बिक्री नभएमा व्यवसायीबाट खरिद गरी तानसेनमा रहेको कोसेली घरबाट बिक्री गर्ने व्यवस्था मिलाएको छ । २०७८ फागुन १९ गते पाल्पाली ढाकालाई ब्राण्ड घोषणा र चैत १२ गते ढाका कपडाको राजधानीका रूपमा घोषणा गरिएको थियो । हरेक वर्ष चैत १२ का दिन ढाका महोत्सव मनाउने संघको योजना छ ।

जिल्लाभित्र न्यूनतम तीनदेखि बढीमा एक सयभन्दा बढी तान राखेर कारखाना सञ्चालन गरिएको छ । १०० भन्दा बढी तान भएका चारवटा कारखाना रहेका छन् । पाँच/सात लाख रूपैयाँको लगानीमा व्यावसाय चलाउन सकिने हुँदा ढाका उद्योगबाटै राम्रै लाभ लिन सकिन्छ । ढाकाको महत्त्व बुझ्दै गएपछि पछिल्लो समय ढाकाको व्यापार फस्टाउँदै गएको छ । दुई वर्ष कोभिड संक्रमणले असर गरे पनि हिजोआज पुनः ढाका कपडाको व्यापार बढ्दो छ । पाल्पा भित्रिने नयाँ व्यक्तिले चिनोको रूपमा केही न केही ढाकाको सामान किन्ने गरेको व्यापारी बताउँछन् । *रासस*

## मननयोग्य

### चाणक्य नीति

चाणक्यले वैद्यतिर फर्केर भने वैद्यजी ! माफ गर्नुस्, राज्यव्यवस्थाको कठोर नियमले गर्दा राजालाई खुवाउन लाग्नु भएको यो ओखतिलाई म पहलिे विरालोलाई खान दिई परीक्षण गर्दछु । त्यसपछि मात्र तपाईले यो औषधि महाराजलाई खुवाउनुहोस् ।

यो सुनी वैद्यका हात काम्न थाले । मुख डरले पहेंलो भयो । उनले आफ्नो मृत्यू साक्षत् खडा भएको देख्न लागे । कथा डरने पहली भयो आफ्नो मृत्यु साक्षात् बडाएको देख्न लागे ।

वैद्यको यस्तो हालत चाणक्यले देखि तुरुन्तै परिस्थिति बुझे । चन्द्रगुप्तसँग भने-'देख्नुभयो राजा ! यो षडयन्त्र तपाईंलाई सपनामा पनि जानकारी थिएन होला । तर मलाई सन्देह भयो । त्यसबेला जुनबेला वैथने सबै सेवक बाहिर पठाए । किनकि, आफूले चाहेअनुसार औषधिमा विष बाहिर पियाउन तयार गर्न सकियोस तर यिनले यो पनि बिर्सिए चाणक्य पूर्णतः चैतन्य अवस्थामा छ ।'

राजवैद्यले बुझे अब बाँच्ने कुनै उपाय छैन । बन्दी भई कारागारको यातना जो सोच्दै थिए शरीरमा कम्पन आयो अनि त्यो विषको प्याला (भाँडा) एकै सासमा पिई आफ्नो प्राणको अन्त्य गरे । यसरी राक्षसको डरलाग्दो षड्यन्त्र चाणक्यका सजगताले समाप्त हुनगयो ।

सुख, दुःख, जय पराजय समुद्रका तरजस्तै हुन्छन् । दुःखपछि सुख, सुख दुख जान्छ जसले पराजयबाट साहस छोडी बस्छ त्यो मृतप्रायः हुन्छ । युद्ध हतियारबाट मात्र गरिदैन बुद्धि, विवेक, साहस, धैर्य आदिका नेतृत्व जितिन्छ ।

टा...ढा, सहर सीमाभन्दा धेरै टाढा सुनसान जंगलको प्राकृतिक गुफामा आफ्ना विश्वस्त साथीसहित राक्षस विचारमा मग्न थिए । विषयवस्तु अत्यन्तै गोपनीय थियो व्याकुलताले साथीका चेहरातिर हेरिरहेथे । त्यतिबेलै कुनै एक गुप्तचर आई वैद्यको असफलता र मृत्युको समाचार सुनायो ।

राक्षसले लामो निःस्वास लिंदै भने- 'लाग्छ प्रकृति ने अनुकूल छैन त्यसैले सम्पूर्ण उपाय विफल हुँदैछन् । क्रमशः

## पत्र-मञ्जुषा

### सडक बालबालिकाको व्यवस्थापनमा बेवास्ता

नेपालमा बालश्रम उन्मूलनको कुरा धेरै गरियो । तर, बालश्रमको अझै पनि अन्त्य हुन सकेको छैन । कतिपय बालबालिकाहरू बालअधिकार पाउनबाट वञ्चित छन् । उपत्यकाका सडकमा मागेर खाने बालबालिकाको संख्या उल्लेखनीय छ । उपत्यकाबाहिरका जिल्लामा पनि अवस्था उही नै छ । सडकमै मागेर खाने, त्यही बस्ने र त्यही सुत्ने बालबालिकाहरू छयाप्छयाप्ती छ ।

इँट्टाभट्टा, होटल, रेस्टुरेण्ट, घरायसी कामकाजमा पनि बालबालिकाकै प्रयोग भइरहेको छ । त्यस्तै, मठमन्दिरमा पनि माग्न बस्ने बालबालिकाको संख्या धेरै छ । पशुपतिनाथ मन्दिरमा बालबालिका मात्रै नभई तिनका बाबुआमा, अपांग, ज्येष्ठ नागरिकहरू यत्तिकै माग्न बसेका हुन्छन् । कसैको हात छैन त कसैको खुट्टा । कोही दुधे बालक च्यापेर बसेका देखिन्छन् । चिसो सिँढीमा बसेर हात फैलाइरहेको दृश्य एकदमै दयनीय छ । कति बालबालिकाको बाबुआमा छैनन् ।

बाबुआमा गुमाइसकेका बालबालिकाहरू सडकमा छन् । कहींकतै सहारा नभएपछि उनीहरूले सडकलाई आफ्नो बासस्थान बनाएका छन् । अशिक्षा, गरिबी र बेरोजगारी व्यक्तिलाई सडकमा ल्याउनुको अर्को कारण हो । कतिपय घर निकाला भइसकेपछि सडकमा आएर जिन्दगी गुजिरहेका छन् । अधिकांश बूढाबूढी सडकमा आउनु यही नै हो । मानसिकता गुमाएका, उपचार नपाएका, आफ्नो खुट्टामा उभिएर केही गरेर खान्छु भन्ने क्षमता नभएकाहरू पनि त्यही भीडमा छन् ।

आफ्नो घरपरिवारबाट अपहेलित भएर, असहयोग भएर सडकमा आएका व्यक्तिहरूमाथि राज्यको आँखा पर्न सकेको छैन । माग्न बसेकाहरूलाई स्थानीय सरकारले समेत मतलब गर्दैन । न स्थानीयबासीहरूमा नै सहयोगको भावना जाग्छ । उनीहरू पनि देशका नागरिक हुन् । तर, राज्यले नै उनीमाथि अपहेलना गरिरहेको छ । खुला आकाशमुनि रात कटाउन बाध्य छन्, उनीहरू । सरकारले त्यस्ता नागरिकहरूका लागि खाना, बस्न, लगाउन, उपचारलगायत अति आवश्यक अधिकारहरू प्रदान गर्नुपर्ने हो ।

यिनीहरू नेपाली हुन्, तर उनीहरूसँग नागरिकता छैन । बुवाआमा बाटोमा भएका छोराछोरीले कहाँबाट जन्मदर्ता बनाउने ? स्थायी ठेगाना छैन । नागरिकता र जन्मदर्ता नहुँदा उनीहरू राज्यबाट पाउनुपर्ने सबै सेवासुविधाबाट वञ्चित भएका छन् । काठमाडौंमा तीन वटा घर हुनेहरू, महिनामा लाखौं रूपैयाँ भाडा उठाउनेले ज्येष्ठ नागरिक भत्ता लिइरहेका छन् । तिनका त छोराछोरी पनि सरकारी जागिरे छन् । यता, श्रीमान् नभए पनि सम्पत्ति भएका एकल महिलाहरूले समेत मासिक भत्ता बुझिरहेका छन् ।

छोराछोरी भने अमेरिका, अस्ट्रेलिया पुगेका छन् तर उनीहरू भत्ता लिन छोड्दैनन् । यता, सरकारी स्कुलमा पनि धनीकै छोराछोरी छात्रवृत्तिमा पढ्छन् । सरकारी कर्मचारीका छोराछोरीहरू छात्रवृत्तिको हकदार बनेका छन् । तर, सडकमा मागेर खानेको छोराछोरीले के पाए ? गरिबलाई भनेको छात्रवृत्तिमा धनीले रजाइँ गरिरहेका छन् । धनीहरू जहिले पनि गरिबको अधिकार खोस्छन् । उनीहरूको कारण गरिबका छोराछोरी स्कुल जान सकेका छैनन् । तीन वटा घर भएकालाई किन मासिक भत्ता चाहियो ?

त्यो भत्ता सडकमा मागेर खानेलाई दिँदा राम्रो हुन्थ्यो । धनीलाई छात्रवृत्ति दिनुको साटो गरिबलाई पढायो भने देशको साक्षरता दर बढ्थ्यो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले सडक माग्नेमुक्त बनाउने घोषणा गरेका थिए । सडकमा मागेर खानेहरू शिक्षादीक्षा, उपचार, गाँस, बास, कपासको व्यवस्था गर्ने भनेर ठूलठूला कुरा गरे । पत्रपत्रिका, अनलाइनहरूले हेडलाइन समाचार बनाए । ओलीको फोटो पत्रिकाको पहिलो पृष्ठमा आयो । तर, ती गरिबले के पाए ?

आज पनि उनीहरू सडकमै गुजारा गरिरहेका छन् । माग्नेमुक्त सडक कुन जिल्लामा छ ? कुनै जिल्लाले मागेर खानेहरू व्यवस्थापन गर्न सकेको छ ? यसअघिका काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले पनि माग्नेहरूको नाममा नौटंकी देखाएर चर्चामा आएका थिए । केही दिन सडकमा बस्नेहरूलाई रातमा लगेर बासस्थानको व्यवस्थापन गरे । पछि फेरि उही अवस्था दोहोरियो । क्षणिक लोकप्रियताका लागि उनले मागेर खाने व्यक्तिहरूको प्रयोग गरे ।

सडकमा मागेर खानेको नाममा धेरै गीत बन्यो । फिल्म बन्यो । चलचित्र बनाउनेले कमाएर खाए । गीत गाउने कलाकारहरूले पनि आफ्नो कमाइखाने बाटो बनाए । कलाकारहरू उनीहरूको नाटक गरेर चर्चामा आए । तर, सडकमा बस्नेको समस्या त समाधान भएन । किनकि, कसैले उनीहरूलाई बुझ्न सकेनन् । राज्यबाट अपहेलित जनताको नाममा व्यापार भयो । सडकमा बस्नेको नाम लिएर राजनीतिक दलहरू सत्तामा पुगे । आफू सत्तामा पुगे तर उनीहरूको समस्या आज पनि जस्ताको त्यस्तै छ । गरिब बालबालिकाले न्याय कहिले पाउला त ? यो गम्भीर प्रश्न अनुत्तरित छ ।

*- रमा श्रेष्ठ, चाबहिल*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.



**देवघाटमा भक्तजन**

माघे संक्रान्तिका अवसरमा आइतबार पवित्र तीर्थस्थल देवघाट धाममा स्नान गर्नका लागि आएका श्रद्धालु भक्तजन ।

*तस्बिरः नारायण अधिकारी/रासस*

## आगलागीबाट लाखौंको क्षति

**दमक (प्रस)–** दमक-६ स्थित नमूना बजारमा रहेका नौ पसलमा आगलागी हुँदा लाखौं मूल्य बरावरको क्षति भएको छ । वडाध्यक्ष टेकबहादुर थापाका अनुसार आइतबार बिहान करिब २ बजेतिर अचानक आगलागी हुँदा पसलका सम्पूर्ण सामान जलेर नष्ट भएको थियो । मुख्य बजारका ती ठाउँमा जुत्ता तथा कपडाका पसल रहेका थिए । आगलागीबाट जुत्ताचप्पल व्यवसायी राज श्रेष्ठको पसलसहित नौ पसलका सम्पूर्ण सामान नष्ट भएको उनले बताए । आगलागी कसरी भयो, कारण खुल्न सकेको छैन । आगलागी विद्युत् सर्ट भई लागेको हुनसक्ने प्रारिम्भक अनुमान गरिएको इलाका प्रहरी कार्यालय दमकका प्रमुख प्रहरी नायब उपरीक्षक दिलीप गिरीले बताए । क्षतिको विवरण संकलन गर्ने कार्य भइरहेको उनले जानकारी दिए ।

आगलागी दमकसहित कमल, गौरादह, कानेपोखरीलगायतका बारुणयन्त्र, प्रहरी तथा स्थानीयवासीको प्रयासमा करिब तीन घण्टापछि नियन्त्रणमा आएको थियो ।

### नांगिंदै हिमाल

# कष्टकर बन्दै छ जीवनयापन

■ दिलकुमार लिम्बू

**फुङ्लिङ–** जलवायु परिवर्तनले हिउँ पग्लिएर कालापत्थर जस्तै हुन थालेका हिमाल । के आफूलाई अझै उत्तिकै सुन्दर महसुस गर्दा हुन् त ती हिमालहरूले ? कतै नांगो अनुभव पो गर्दा हुन् कि ? कुनै दिन मानिसहरूले धत् हिमाल त के रहेछ । यही कालो चट्टान त रहेछ, भनेर ढाड फर्काइदिने हुन् कि भन्ने डर नहोला ? दिन दिनै हिमाल नांगिँदै जाँदा लाज पनि नलाग्दो हो कि ?

हिमाल, सुन्नासाथ हाम्रो मानसपटलमा एउटा आकृति आँखा अगाडि आउँछ । हिउँले छपक्कै छोपेको । चाँदी जस्तै सेताम्य । जस्तोसुकै परिस्थितिमा पनि अटल रहने पहाडको चुचुरोहरू । हिमाल देख्नासाथ जो कोहिले गर्वको महसुस गर्दछन् । अनि स्थिर भएर अगाडि बढ्ने अठोट गर्दछ ।

नेपालको उत्तरपट्टि हेर्‍यो भने हिउँले ढाकिएको सेतै चम्किरहेको सेतो पहाड देख्नेछौं । सधैंभरि हिउँले छोपिएर रहने भएकाले हिमाल भनिएको हुन सक्छ । समुद्र सतहबाट पाँच हजार मिटरभन्दा बढी उचाइ भयो भने पहाडलाई सधैं हिउँले छोप्छ । हिमाल यस्तै हिउँले छोपिएको पहाड हो । हिमाल जम्मा दुई हजार ४०० किलोमिटर लामो छ । त्यसमध्ये करिब ८५० किलोमिटर लामो हिमाल हाम्रो नेपालमा पर्छ । हिमालको चौडाइ भने लम्बाइ जति छैन ।

हिमालको चौडाइ २०० देखि ४०० किलोमिटरसम्म मानिएको छ । नेपालको हिमालको पारिपट्टि चीनको तिब्बत क्षेत्र छ । अरू बाँकी हिमाल चीन, भारत, पाकिस्तान, भूटान र ताजकिस्तानमा पर्छन् । यो हिमालमा अग्लाअग्ला चुलीहरू छन् । विश्वको १० वटा सबैभन्दा अग्ला हिउँ चुचुराहरू यही हिमालमा छन् । हिमालमा भएको के-२ भन्ने चुचुरो पाकिस्तानमा छ । नवौं चुचुरो नांगा पर्वत पनि पाकिस्तानमा छ । अरू संसारको सबैभन्दा अग्लो चुचुरो सगरमाथादेखि लिएर अन्नपूर्ण-१ सम्म आठ वटा नेपालमा छन् । हिमालका चुचुराहरू सगरमाथा, कञ्चनजंघा, ल्होत्से, मकालु, चोयू, धौलागिरि, मनास्लु र अन्नपूर्ण-१ नेपालमा छन् । यी सबै आठ हजार मिटरभन्दा अग्ला छन् । तर, ती हिमालहरू अहिले नांगिँदै गएका छन् ।

फुङ्लिङ नगरपालिका-८ का चारपाटेका ८१ वर्षीय शेरबहादुर गुरुङ प्रत्येक दिन पहिलो दृश्य भने



कञ्चनजंघा, कुम्भकर्णलगायतका हिमालमा आफ्नो आँखा डुलाएर मात्र दैनिकी सुरुआत गर्छन् । उनको पुस्तासँग ती हिमालहरूको नाता जोडिएको छ । गुरुङको बाजेको पालादेखि भेडा चराउँदै कञ्चनजंघा र कुम्भकर्ण हिमालका टाकुराहरू चहारेका छन् ।

ती हिमालका फेदीहरूमा शेरबहादुरको पैतलाको छाप नरहेको ठाउँ भेट्न मुस्किल छ । उनी सानै उमेरमा बुबालाई सघाउन भेडा गोठ पछ्याउँदै हिमाल चहार्न थाले । हिमाल फेदीमा भेडा चराउँदाका उनसँग हजारौं तीतामीठा अनुभूतिहरू छन् । तर, अहिले उनीसँग भेडा गोठ छैन । भेडा चराउँदै हिमाल चहारेको ठाउँहरू भने उनको घरको झ्यालबाट देखिन्छ ।

उनी बिहान उठ्नेबित्तिकै झ्यालबाट भेडा चराउँदा चाहारेको हिमाल हेर्छन् । तर, आजभोलि हिमाल हेर्न लायकको नभएको गुरुङले बताए । उनले भने, 'हिमाल सेताम्य हुन्थ्यो सधैं । तर, आजभोलि कोइला जस्तै कालो देखिन थालेको छ ।' पछिल्लो समयमा हिमाल पग्लँदै गएको अनुभूति गुरुङलाई भइरहेको बताए ।

ताम्लिङ शेर्पा बिहीबार बिहानको घाम ताप्दै कञ्चनजंघा हिमालतिर हेरेर टोलाउँदै थिए । समुद्र सतहदेखि चार हजार २०० मिटर उचाइमा अवस्थित फक्ताङलुङ गाउँपालिका-७ याङमा गाउँमा हो शेर्पाको घर । याङमा जिल्लाकै उच्च स्थानमा रहेको बस्ती हो । हिमालको फेदीमा पर्दछ । शेर्पा जाडो छल्न सदरमुकाम फुङ्लिङमा आएका हुन् ।

अहिले शेर्पाले हिमाल कालापत्थर जस्तै भएको हिमाल हेर्दै दिन बिताउँछन् । चिन्तित हुँदै शेर्पाले भने, 'हिउँ पग्लेर हिमाल सुक्खा हुन थाल्यो । हिमाल सुक्खा भयो भने पानीको मुहान सुक्छ । चौंरी याकहरूले पानी खान पाउँदैन । जमिन सुक्खा हुँदै गएपछि घाँस उम्रिँदैन । घाँस नभए पनि चौंरी याकहरू तीर्खा र भोकले मर्ने छन्,' याङमा गाउँका समुदायको मुख्य पेसा चौंरी याकपालन हो । उच्च हिमाली स्थान भएकाले अन्न हुँदैन । त्यसैले चौंरी याक गोठ नै मुख्य आम्दानीको स्रोत हो । त्यसैले सदरमुकाम बसेर ताम्लिङ शेर्पा हिमालमा हिउँ पग्लेर ढडेलो लागेको जस्तै कालो पत्थर जस्तै हिमाल हुँदै गएसँगै चिन्ताले पिरोल्न थालेको हो ।

'हिमालमा हिउँ पग्लदै गएको छ । खेतबारी सुक्खा हुँदै छ,' फक्ताङलुङ गाउँपालिका-६ का वसन्त लिम्बूले भने, 'बारीमा जौ, गहुँ खेती उम्रने बाला लाग्न नपाई सुक्दै गएको छ । केही कसैले त पाइपमा पानी ल्याएर स्प्रिङकल (सिँचाइ गर्ने एक प्रकारको मेसिन) खेतबारीमा घुमाउँदै छन् ।' अहिले लिम्बूको दैनिकी नै अलैंची बगानमा सिँचाइ गर्न व्यस्त हुन्छ । पानी नपर्ने र हुरी बतास मात्र चल्ने भएकाले खरेडीबाट अलैंची बगान जोकाउनका लागि बिहान बेलुका अलैंची बगानमा सिँचाइ गर्न व्यस्त भएको लिम्बूले बताए ।

ताप्लेजुङका किसानलाई यतिखेर आलु रोप्न समय भएको तर हिमाल हिउँ पग्लदै गएर कालो पत्थरजस्तै भएपछि रोपेको आलु उम्रन नपाई सुक्ने पो हो कि भन्ने चिन्ताले सताउन थालेको फक्ताङलुङ गाउँपालिका-६ का किसान मेघवीर हेल्लोकले बताए । विगतका वर्षहरूमा मंसिरको दोस्रो सातादेखि नै हिमाली क्षेत्रमा हिउँ पर्न सुरु हुन्थ्यो । तर, यस वर्ष भने माघ लाग्दासमेत हिउँ नपरेको समुद्र सतहदेखि तीन हजार ५०० मिटरमा अस्थित फक्ताङलुङ गाउँपालिका-६ घुन्साका पेमा शेर्पाले बताए ।

यता सदरमुकाम फुङ्लिङमा भने बिहानदेखि बेलुकासम्म हुस्सु लाग्ने गरेको छ । विगतमा यातायातका साधनको चाप कम हुन्थ्यो । विस्तारै विकास निर्माणसँगै मानिसको चाप र यातायातको चापसमेत बढ्दै गएकाले मधेसतिरको हुस्सु हिमाली क्षेत्रमासमेत फैलिन थालेको फुङ्लिङ नगरपालिका-५ की निर्मला रिजालको भनाइ छ । उनी भन्छिन्, 'जलवायु परिवर्तनको असर खासगरी हिमाली क्षेत्रमा देखिएको छ । यसले स्थानीयवासीको जीवनशैली कष्टकर बनाएको छ ।'

हिमालमा हिमरेखाभन्दा माथिसम्म हिउँ पग्लँदै गइरहेको कञ्चनजंघा संरक्षण क्षेत्रका कार्यक्रम सहायक सूर्यमान राईले बताए । राईले भने, 'जलवायु परिर्वनले गर्दा वातावरणमा प्रतिकूलता आएको छ । हिउँ समयमै नपर्नु पनि प्रत्यक्ष अप्रत्यक्ष वातावरणमा असर पुर्‍याएको हुन्छ ।' कञ्चनजंघा हिमशृंखला क्षेत्रमा विश्वकै दुलर्भ जनावर हिउँ चितुवाको विशेष बासस्थान मानिन्छ । हिउँ नै पग्लदै गएपछि हिउँ चितुवासमेत संकटमा पर्नसक्ने राईले चिन्ता व्यक्त गरे । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र डब्ल्युडब्ल्युएफ, नेपालले सन् २०१५ मा हिउँचितुवालाई रेडियो कलर गरेको थियो । त्यस समयमा कञ्चनजंघा क्षेत्रमा २४ वटा हिउँचितुवा पाइएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले जनाएको छ ।

विकाससँगै सहरदेखि गाउँगाउँमा औद्योगीकरण, यातायात साधनको चाप वृद्धि भएसँगै वायु प्रदूषण बढ्दै गएकाले समयमा पानी नपर्ने समय हिउँ नपर्नेजस्ता समस्या देखापर्न थालेको लामो समयदेखि जैविक विविधता क्षेत्रमा काम गर्दै आएका हिमाली संरक्षण मञ्चका कार्यक्रम संयोजक रमेश राईले बताए । समयमै हिउँ नपरेकाले जोखिम पनि त्यतिकै बढ्दै गएको राईको भनाइ छ ।

जलवायु परिवर्तनका असरका कारण हिमाली क्षेत्रमा हिमताल सुक्ने, पानीको मुहान सक्दै जाने, वन तथा जंगल सुक्खा हुने भएकाले वन जंगलमा ढडेलो लाग्ने ठूलो सम्भाना रहेको राईले बताए । वन जंगलमा रहने वन्यजन्तुकोसमेत स्थानान्तरण हुँदै जाने उनको भनाइ छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत जलवायु परिवर्तन तथा स्वास्थ्य विभागको राष्ट्रिय स्वास्थ्य अनुकूलन योजना जलवायु परिवर्तन स्वास्थ अनुकूलन रणनीति तथा कार्ययोजना (वि.सं. २०७२-२०७७) जलवायु परिवर्तन नेपालमा जलवायु परिवर्तन र यसबाट उत्पन्न हुने नकारात्मक असरहरूका कारण यो महत्त्वपूर्ण जनसरोकारको विषय बनेको छ । नेपालमा उपलब्ध तापक्रम र वर्षाको तथ्यांक अध्ययन तथा विश्लेषण गर्दा जलवायु परिवर्तन स्पष्टरूपमा तीव्र गतिमा भइरहेको विभागले जनाएको छ । तापक्रमको प्राप्त तथ्यांकअनुसार नेपालको समग्र तापक्रममा वृद्धि भएको छ भने हिमाली र पहाडी भेगमा तापमान बढ्ने क्रम तराई र भित्री मधेसका तुलनामा बढी पाइएको छ । वर्षाको तथ्यांकले स्पष्टरूपमा जलवायु विषमतासम्बन्धी कुनै स्पष्ट भिन्नता नदेखाए पनि नेपालमा भारी तथा अत्यन्त कम वर्षा हुने दिनको संख्या बढिरहेको पाइएको छ । *रासस*


## No Objection Letter Lost

Japan को लागि मिति 2020-11-08 मा जारी भएको NOC 2022-11-05 मा कपनदेखि नयाँ बसपार्कसम्म जाँदा मेरो निम्न व्यहोरा भएको NOC हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरि दिनु हुनु अनुरोध गर्दछु ।

Name : **Him Kala Rai**
No Objection Letter No. **778563**
Country : **Japan**
Address : **Thulung Dudhkoshi RM-8, Solukhumbu**
Mobile : **+977 984-0315781**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०७९/१०/०२

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७४/११/०३ को निर्णयानुसार साविक कम्पनी **जिप्पो नेपाल प्रा. लि.** (प्रा.लि.नं.१७४७५१) को नाममा रहेका सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **जिपाल कम्पनी प्रा. लि.** अंग्रेजीमा **Zipal Company Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW HIGITECH MIDDLE EAST INTERNATIONAL CLEANING SERVICE L.L.C.

पूर्व स्वीकृति मिति २०७८/07/04 | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/०१ | LT. No. 249134 | चलानी नं. ६०१६१८२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 17 | 0 | 1100 | ३८,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ ।**

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ९ गते (23rd Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः१०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Skills International Human Resource Pvt.ltd.**
श्रम ईजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MACE SAUDI ARABIA CO. LTD.

पूर्व स्वीकृति मिति २०७९/०९/२६ | LT. No. 279280 | चलानी नं. ६०१९५०२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road Maintenance Labour | 4 | 0 | 1000 | ३४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Truck Driver | 2 | 0 | 1800 | ६२,१९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ९ गते (23rd Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले  सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EXPRESS FOOD COMPANY LIMITED

पूर्व स्वीकृति मिति २०७९/07/२३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/०१ | LT. No. 275230 | चलानी नं. ६०१९१५०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 8 | 0 | 1000 | ३४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान र मितिः
सुनसरी -ईटहरी -(Sub Metro, Hotel Triyuga) २०७९ माघ ९ गते (23rd Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रू. १,५००/- कामदार आफैंले  सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात, आवास

COMPANY: SCENIC AGRICULTURE SDN BHD
कम्पनी : सिनिक एग्रिकल्चर एसडिएन. बिएचडि.

Pre Approval Date : 2022-07-19 / पूर्व स्वीकृति मिति : २०७९/04/03 | Post Approval Date : 2023-01-15 / पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/०१ | LT. No.266316 / एल टि न. २६६३१६ | Invoice No. 60183489 / चलानी नं. ६०१८३४८९

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलबः Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फार्म वोर्कर Farm Worker | ४० 40 | 0 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४४,८८० 44,880 | क. नियम अनुसार As per the com pany rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

नोटः आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer

सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

SWIFT H.R. SOLUTION PVT.LTD does not have any branch or mediator representative.
This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**Interview will be conducted on 23rd January, 2023 in office premisees.**
**अन्तर्वाता मिति २०७९ माघ ९ गते कार्यालय परिसरमा हुनेछ ।**

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**SWIFT H.R. SOLUTION PVT. LTD.**
श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

# प्रभाव दैनिक




## 'भष्मे डन' मा स्वस्तिमा

दीपेन्द्र के खनालको निर्देशन रहने फिल्म 'भष्मे डन' मा अभिनेत्री स्वस्तिमा खड्का अनुबन्धित भएकी छन् । आइतबार निर्माण टिम र अभिनेत्री खड्काबीच अभिनयको विषयमा सम्झौता भएको हो । दीपेन्द्रले अभिनेता खगेन्द्र लामिछानेले मिलेर यो फिल्म बनाउन लागेका हुन् । फिल्ममा विपिन कार्की 'भष्मे डन' को रूपमा देखिँदैछन् । स्वस्तिमा विपिनको अपोजितमा देखिनेछन् । फिल्ममा सौगात मल्ल, रवीन्द्रसिंह बानियाँ, प्रकाश घिमिरे लगायतको समेत अभिनय रहनेछ । 'पशुपति प्रसाद'को चर्चित पात्र 'भष्मे डन'माथि फिल्म निर्माण हुन लागेको हो । आगामी फागुन १२ गतेदेखि पशुपतिनाथ मन्दिर वरपर फिल्मको छायांकन हुनेछ ।



सोमबार, २ माघ २०७९ (Monday, January 16, 2023)

# लेखक तामाङलाई साहित्य सम्मान




■ प्रभाव संवाददाता

**दोलखा–** यस वर्षको 'स्व. विष्णुलक्ष्मी/तुलसीमाया साहित्य सम्मान-२०७९' लेखक तथा अनुसन्धाता रविन्द्र तामाङलाई प्रदान गरिएको छ। विष्णुलक्ष्मी साहित्यिक पुरस्कार समितिले आइतबार चरिकोटमा एक कार्यक्रम आयोजना गरी तामाङलाई सम्मान गरेको हो । सम्मानपत्रसहित तामाङले १० हजार रूपैयाँ प्राप्त गरे । साहित्य लेखनमार्फत कला संस्कृतिको जगेर्ना तथा समग्र विकासमा पुऱ्याएको योगदानको कदर गर्दै लेखक तामाङलाई सम्मान गरिएको समितिले जानकारी दिएको छ । तामाङ तथा आदिवासी समुदायको इतिहास र संस्कृतिसम्बन्धी अनुसन्धान तथा लेखनमा सक्रिय उनका करिब दुई दर्जन पुस्तक प्रकाशित छन् । विभिन्न पत्रपत्रिकामासमेत कला, संस्कृति र इतिहाससम्बन्धी उनका लेखहरू प्रकाशित हुँदै आएका छन् ।


आइतबार आयोजित पुरस्कार वितरण तथा प्रदेय सार्वजनिक कार्यक्रममा बागमती प्रदेशसभाका सांसद भरतबहादुर केसी प्रमुख अतिथिको रूपमा उपस्थित थिए । पुरस्कार समितिका अध्यक्ष विष्णु सुवेदीको सभापतित्वमा सम्पन्न कार्यक्रममा भीमेश्वर नपरपालिकाका प्रमुख ईश्वरनारायण मानन्धर, पुरस्कार छनोट समितिका संयोजक कृष्णबहादुर गौतम, समितिका संरक्षक चिरञ्जीवी मास्केलगायतको उपस्थिति रहेको थियो ।

# 'प्रसाद २' को प्रदर्शन मिति तय

**काठमाडौं (प्रस)–** कास्कीको माछापुच्छ्रे गाउँपालिकामा छायाङ्कन भइरहेको फिल्म 'प्रसाद २' को छायाङ्कन सकिएको छ । एक महिना एक दिनमा फिल्मको सम्पूर्ण छायाङ्कन सकाएपछि युनिट काठमाडौं फर्किंदै छ । कलाकार परिवर्तनसँगै विविध कारणले रोकिएको फिल्मले छायाङ्कन सम्पन्न गरेसँगै आगामी नयाँ वर्ष अर्थात् वैशाख १ गतेलाई प्रदर्शनसमेत तय गरेको छ ।

फिल्म छिट्टै तयार हुने भएकाले प्रदर्शन मिति घोषणा गरिएको निर्माता सुभास थापाले जानकारी दिए । 'प्रारम्भिक सम्पादन र ध्वनिको काम छायाङ्कनमै भएको छ । हाम्रो फिल्म पूर्णरूपमा तयार हुने भएकाले प्रदर्शन घोषणा गरेका हौँ', निर्माता थापाले भने । एसजी फिल्मस् र सुलभ थापा प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्ममा सुदर्शन बस्नेतसमेत निर्माता हुन् । सुदर्शन थापाको निर्देशन रहेको फिल्ममा विपिन कार्की, केकी अधिकारी, अर्पण थापा, महेश त्रिपाठी, कमलमणि नेपाल, प्रकाश घिमिरे, विशाल पहाडी, निमा पाण्डेलगायतको अभिनय रहेको छ । 'मेरो लागि यो फरक किसिमको फिल्म रह्यो । मैले कथालाई न्याय गरेको छु', निर्देशक थापाले भने । यो फिल्म 'प्रसाद' को दोस्रो भाग हो । यसमा राजेश श्रेष्ठको छायाङ्कन, राजनराज सिवाकोटीको सङ्गीत, उत्तम न्यौपानेको ध्वनि मुद्रण, पत्रकार सुशील पौडेलको लेखन रहेको छ ।

# एकै स्टेजमा ४ विजेता घोषित




■ प्रभाव संवाददाता

**काठमाडौं–** एकै स्टेजमा एकसाथ ४ विजेता छानिएका छन् । शनिबार आगन्तुक रिसोर्ट धुलिखेलमा अबेर साँझ सम्पन्न प्रतियोगिता 'किड्स प्लानेट इन्टरनेशनल २०२३' मा जुनियर र सिनियर गरेर एकसाथ ४ विजेता छानिएका हुन् । प्रतियोगितामा रिदम दाहालले जुनियर केटा तर्फको शीर्ष उपाधि चुम्दा जुनियर केटी तर्फको शीर्ष उपाधि इप्सु दाहालले हात पारिन् । त्यस्तै सिनियर केटातर्फ रिनमराज केसी र सिनियर केटीतर्फ योहाना मानन्धर शीर्ष विजेता घोषित भए । कार्यक्रममा रिदमले लिडरसिप, इप्सुले मोष्ट कन्फिडेन्ट, रिनमले पर्नालिटी र याहानाले फोटोजेनिक उप-शीर्षकको उपाधि समेत हात पारे ।

कार्यक्रममा जुनियर केटातर्फ श्रेयान्स मानन्धर फष्ट रनर अप आदर्श बन्जारा सेकेन्ड रनर अप घोषित हुँदा जुनियर केटीतर्फ सिमरन महत फष्ट रनर अप र निर्जला लामा सेकेन्ड रनरअप भए । त्यस्तै सिनियरतर्फ केटातर्फ सक्षम श्रेष्ठ फष्ट रनर अप, रोनिश ब्यान्जु श्रेष्ठ , सेकेन्ड रनर अप घोषित हुँदा सिनियर केटीतर्फ महारानी साह ठकुरी फष्ट रनर अप र प्रिन्सा कुँवर सेकेन्ड रनर अप भए ।

रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीको आयोजना रहेको प्रतियोगीतमा संञ्चिता लुईटेल (अभिनेत्री), इन्दु थापा (प्रिन्सिपल (वेलोर इन्टरनेशनल एकडेमी), अशोक पाण्डे (प्रिन्सिपल-सेमरक निस्ट स्कुल), रजना श्रेष्ठ (प्रिन्सिपल-बालबाटिका स्कुल), सञ्जिव महर्जन (निर्देशक -वेभ म्यागजिन), चन्द्र प्रसाद ताजपुरिया (प्रिन्सिपल- प्रगति प्रभात एकडेमी) लगायत प्रतियोगिताको निर्णायकमा रहेका थिए ।

विद्यालय अध्ययनरत बालबालिकाको प्रतिभा निखार्ने उद्देश्यले आयोजित प्रतियोगितामा थुप्रै प्रतियोगी रहेका थिए । विभिन्न चरणको छनौट पार गर्दै फाइनल सम्मको यात्रा गरेका प्रतियोगीको कोरियोग्राफी अन्तर्राष्ट्रिय मोडल तथा फेसन कोच राज फैजुले गरेका थिए । डान्स भने संयुक्त स्थापितको थियो ।

प्रतियोगी अभिनय, नृत्य, व्यक्तित्व विकास, स्टेज पफमेन्स, बडि ल्याङ्ग्वेग, कम्युनिकेसन स्केल, सामाजिक उत्तरदायित्व, समय व्यवस्थापन तथा अध्ययन लगायत विभिन्न प्रशिक्षणसहित फाइनल स्पर्धामा उत्रिएका प्रतियोगीको फेसन डिजाइन अन्तर ाष्ट्रिय फेसन डिजाइनर श्रीषा बैदारले गरेकी थिइन् । प्रतियोगिताको शीर्ष, फष्ट रनर अप र सेकेन्ड रनर अपले क्रमशः १० हजार ५ हजार ३ हजार नगदका गिफ्ट भौचरका अलवा अन्तरर्राष्ट्रिय सौदर्य प्रतियोगितामा सहभागीको अवसर समेत प्राप्त गरेका छन् । गिफ्ट भौचर एम्बियन्स लाउन्चको तर्फबाट प्राप्त भएको थियो ।

# सौरभको 'अगस्त्य'मा सौगात मल्ल

**काठमाडौं (प्रस)–** निर्देशक सौरभ चौधरीको ड्रिम प्रोजेक्ट 'द अनब्रेकेबलः अगस्त्य'मा अभिनेता सौगात मल्लको प्रवेश भएको छ। माघे संक्रान्तिको अवसर पारेर आइतबार एक पोस्टर जारी गर्दै निर्माण युनिटले फिल्ममा सौगात मल्लको अभिनय रहने जानकारी गराइएको हो । 'मिस्टर भर्सटायल' को ट्याग दिइएको सौगात पोस्टरमा एक कुकुरका साथमा स्टाइलिस लुक्समा फिचर छन् । फिल्ममा उनी अगस्त्यको भूमिकामा रहनेछन् ।

फिल्मका लागि अन्य कलाकारहरू पनि चाँडै अनुबन्धित गरिने निर्देशक चौधरीले बताए । उनी स्वयंको लेखन रहेको फिल्मलाई प्रकाश मल्ल र अनिष तामाङले निर्माण गर्नेछन् । राजेश श्रेष्ठको काँधमा फिल्म खिच्ने जिम्मेवारी छ । डार्क हर्स इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुन लागेको फिल्मको नेपालमा काठमाडौं र नवलपरासी, भारतमा गोरखपुर र बनारसमा छायांकन हुनेछ । फिल्ममा नेपालीसँगै भारतका केही चलेका कलाकारको पनि अभिनय रहनेछ । निर्देशकसहितको टिम चाँडै भारतीय कलाकारसँग कागजी सम्झौता गर्न मुम्बई प्रस्थान गर्ने तयारीमा छ । दुई श्रृंखलामा निर्माण हुन लागेको फिल्मको दुवै पार्टको स्क्रिप्ट तयार भैसकेको छ । आगामी बैशाखबाट छायांकन सुरु गर्ने तयारी गरिएको निर्देशक चौधरीले जानकारी दिए ।



**एनभिए राष्ट्रिय भलिबल**

# हेल्प नेपाल र नेपाल पुलिसलाई उपाधि




■ प्रभाव संवाददाता

**काठमाडौं–** सातौं संस्करणको एनभिए राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिप अन्तर्गत पुरुषतर्फको उपाधि हेल्प नेपाल र महिला तर्फको उपाधि नेपाल पुलिसले हात पारेको छ । जितसँगै दुवै टोलीले ४/४ लाख रूपैयाँ पुरस्कार हात पारेका छन् ।

आइतबार भएका दुवै फाइनल खेलमा हेल्प नेपालले नेपाली सेनाको त्रिभुवन आर्मी क्लब र नेपाल पुलिसले न्यू डायमण्ड क्बललाई पराजित गर्दै उपाधि हात पारेका हुन् ।

त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा आइतबार भएको फाइनलमा त्रिभुवन आर्मी क्लबलाई ३-० को सोझो सेटमा हराउँदै हेल्प नेपाल च्याम्पियन बनेको हो । हेल्प नेपालले आर्मीलाई २५-२१,२६-२४ र २५-२३ ले हराएर च्याम्पियन बनेको हो ।

त्यस्तै महिला तर्फको फाइनलमा न्यु डायमण्ड स्पोर्ट्स क्लबलाई ३-२ को प्रतिस्पर्धात्मक सेटमा हराएर पुलिस च्याम्पियन भएको हो । पहिलो सेट २५-२२ ले गुमाएको पुलिसले दोस्रो सेट २५-१७ ले जितेको थियो । डायमण्डले तेस्रो सेट २७-२५ ले जितेकोमा चौथो सेट पुलिसले २५-१९ ले जितेको थियो । निर्णायक तथा पाँचौं सेटमा पुलिसले १५-११ को जित निकाल्न सफल भयो ।

उपाधिसँगै हेल्प नेपाल र नेपाल पुलिस क्लबले ४ लाख नगद प्राप्त गरेको छ । उपविजेता आर्मीले २ लाखमा चित्त बुझाएको छ । त्यस्तै महिला तर्फको उपविजेता न्यू डायमण्डले पनि २ लाख रूपैयाँ हात पारेको छ । पुरुष र महिला तर्फ दुवैमा तेस्रो स्थान हात पार्दै एपिएफले नगद १ लाख प्राप्त गरेको छ । तेस्रो स्थानका लागि पुरुष तर्फ पुलिसलाई र महिला तर्फ त्रिभुवन आर्मी क्लबलाई एपिएफले पराजित गरेको थियो । च्याम्पियनसिपमा पुरुषतर्फ १४ र महिलातर्फ ८ टोलीको सहभागिता रहेको थियो ।

# भारतको कीर्तिमानी जित

**नयाँ दिल्ली–** भारतीय क्रिकेट टोलीले एकदिवसीय क्रिकेटको इतिहासमा सबैभन्दा ठूलो जितको विश्व कीर्तिमान बनाएको छ। तीन खेलको शृंखलाको अन्तिम खेलमा भारतले श्रीलंकालाई ३१७ रनले पराजित गरेको छ । भारतले यस मामिलामा न्युजिल्याण्डको १५ वर्ष पुरानो कीर्तिमान तोडेको छ। सन् २००८ मा किवी टोलीले आयरल्याण्डलाई २९० रनले हराएको थियो ।



भारतको जितका हिरो बने विराट कोहली, शुभमन गिल र मोहम्मद सिराज । विराटले नटआउट रहेर १६६ रनको इनिङ खेल्दै आफ्नो ४६ औं ओडीआई शतक बनाए । योसँगै शुभमन गिलले ११६ रन बनाए । भारतले ५० ओभरमा ५ विकेट गुमाएर ३९० रनको विशाल स्कोर बनाएको थियो ।

जवाफमा श्रीलंकाले २२ ओभरमा ९ विकेट गुमाएर ७३ रनमा सिमित भयो । मोहम्मद सिराजले सर्वाधिक ४ विकेट लिए । श्रीलंकाका ६ ब्याट्सम्यानले दोहोरो अंक छुन सकेनन् ।

एकदिवसीय क्रिकेटमा भारतीय टोलीको सबैभन्दा ठूलो हार सन् २००० मा श्रीलंकासँग भएको थियो। त्यसपछि श्रीलंकाले टीम इण्डियालाई २४५ रनले हराएको थियो। अब भारतले श्रीलंकालाई सबैभन्दा ठूलो हारको स्वाद चखाएको छ । सन् २००० मा शारजाहमा भएको खेलमा सनथ जयसूर्या (१८९ रन)को शतकको मद्दतमा श्रीलंकाले २९९ रन बनाएको थियो । जवाफमा भारतीय इनिङ्स ५४ रनमा समेटिएको थियो । *एजेन्सी*

# एपिएफ सेमिफाइनलमा

## मधेस प्रदेशको पहिलो जित



■ प्रभाव संवाददाता

**विराटनगर–** जारी प्रधानमन्त्री कप महिला टी-ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपाल एपिएफ क्लब लगातार दोस्रो जित निकाल्दा मधेस प्रदेशले पहिलो जित हात पारेको छ । इटहरी स्थित जनता क्रिकेट पार्कमा जारी प्रतियोगितामा लगातार दोस्रो जित निकाल्ने क्रममा एपिएफले आज बागमती प्रदेशमाथि ५३ रनको जित निकालेको हो । यो जित सँगै एपिएफ एक खेल अगावै सेमिफाइनल प्रवेश गरेको छ ।

एपिएफले दिएको १ सय ३७ रनको लक्ष्य पछ्याएको बागमती २० ओभरमा ९ विकेट गुमाएर ८३ रनमा समेटियो । बागमतीका लागि ओपनर हेलिशा गुरुङले सर्वाधिक २२ रन बनाउँदा सोनी पाख्रिनले १३ रन बनाइन् ।

यस्तै कन्चन श्रेष्ठले ११ तथा कप्तान अस्मिना कर्माचार्यले १० रन जोडिन् । एपिएफका लागि निशा भट्टले ३ तथा कप्तान सिता राना मगरले ३ विकेट लिइन् ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको एपिएफले २० ओभरमा ४ विकेटको क्षतिमा १ सय ३६ रन बनाएको थियो । पहिलो विकेटका लागि ज्योति पाण्डे तथा कप्तान सितारानाा मगरले ५४ रनको साझेदारी गरेका थिए ।

प्लेयर अफ द म्याच समेत बनेकी कप्तान राना मगरले २९ बलमा ३६ रन बनाउँदा पाण्डेले १५ रन बनाइन् । इन्दु बर्माले २७ बलमा ३८ रन बनाउँदा नेरि थापा १९ रनमा अविजित रहिन् । बागमतीका लागि अस्मिना कर्माचार्य, मनीषा उपाध्याय, खुसी डङ्गोल र सोनी पाख्रिनले समान १/१ विकेट लिए । दोस्रो खेलमा दोस्रो जित हात पारेको एपिएफ ४ अङ्कका साथ समूह 'ए' को शीर्ष स्थानमा उक्लिएको छ । यसअघि एपिएफले आफ्नो पहिलो खेलमा हिजो गण्डकी प्रदेशलाई पराजित गरेको थियो । दुई खेलमा लगातार हार ब्यहोरेको बागमती प्रदेश अङ्कविहीन रहँदै समूह 'ए' को अन्तिममा रहेको छ । सुदूरपश्चिम दोस्रो स्थानमा रहँदा गण्डकी तेस्रो स्थानमा छ ।

आइतबार सम्पन्न दोस्रो खेलमा मधेस प्रदेशले पहिलो जित निकालेको छ। पहिलो जित निकाल्ने क्रममा मदेसले कर्णाली प्रदेशमाथि ८ विकेटको जित निकालेको हो । प्रतियोगितामा कर्णालीको यो लगातार दोस्रो हार हो । यसअघि पहिलो खेलमा हिजो शनिवार लुम्बिनी प्रदेशसँग कर्णालीले ९८ रनको हार ब्योहोरेको थियो ।

आइतबार नै भएको दोस्रो खेलमा कर्णालीले दिएको ८० रनको लक्ष्य मदेसले १०.२ बलमा २ विकेट गुमाएर पूरा गऱ्यो । मधेसको जितमा ओपनर अनुराधा चौधरीले ३५ बलमा अविजित ३८ रन बनाइन । प्रतिमा शाहले अविजित १८ रन जोडिन । पहिलो खेलमा लुम्बिनीलाई ४७ अतिरिक्त रन दिएको कर्णालीले आज मधेस प्रदेशलाई अतिरिक्त २२ रन दिएको थियो ।

कर्णालीका लागि बिना थापाले २ विकेट लिइन । इटहरी स्थित जनता क्रिकेट पार्कमा त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको कर्णालीले २० ओभरमा ६ विकेट गुमाएर ७९ रन बनाएको थियो । सुखद सुरुवात गरेको कर्णालीले २३ रनमा पहिलो विकेट गुमाएको थियो । त्यसपछि बाकी ५ विकेट गुमाएर कर्णालीले ५६ रन मात्र जोड्न सक्दा लगातार दोस्रो हार ब्योहोर्नु पऱ्यो । कर्णालीका लागि तिर्सना विश्वकर्माले १५ रन बनाइन् ।

अन्जु गुरुङले अविजित १३ रन बनाउँदा किरन कुँवर १३ रनमा आउट भइन् । कर्णालीका अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । मधेस प्रदेशका लागि भूमि सिंहले ४ तथा अमिरान निशाले २ विकेट लिए । दोस्रो खेलमा पहिलो जित हात पारेको मधेस २ अङ्कका साथ समूह 'बी' को तेस्रो स्थानमा रहेको छ । उक्त समूहमा लुम्बिनी शीर्ष स्थानमा रहँदा प्रदेश एक दोस्रो स्थानमा छ । कर्णाली प्रदेश दुई खेल खेल्दै अङ्कविहीन रहँदै पुछारमा रहेको छ । प्रतियोगिता अन्तर्गत भोलि सोमबार हुने पहिलो खेलमा प्रदेश नम्बर एक र लुम्बिनी बिच प्रतिस्पर्धा हुँदा दोस्रो खेलमा गण्डकी र सुदूरपश्चिम प्रदेश बिच प्रतिस्पर्धा हुनेछ ।



**दोङजी प्यागोडा** | चीनको हेइलोङजियाङ प्रदेशको उत्तरी फुयुआन सहरस्थित दोङजी प्यागोडा । *तस्बिरः सिन्हवा*

# फिलिपिन्स आँधीमा २७ जनाले ज्यान गुमाए

**मनिला–** फिलिपिन्समा यस महिना आँधीमा परी २७ जनाको मृत्यु भएको अधिकारीहरूले आइतबार जानकारी दिएका छन् । मौसमविद्हरूले विपद्को जोखिममा रहेको देशमा लगातार भारी वर्षा हुने चेतावनी दिएका छन् ।

भारी वर्षा र बाढीले क्रिसमस सप्ताहन्तदेखि देशको दक्षिणी र मध्य टापुहरूलाई त्रसित बनाएको र हजारौंलाई आफ्नो घर छोड्न बाध्य पारेको छ । वर्षको सुरुदेखि नै कम्तीमा तीनवटा आँधीका कारण देशभर २७ जनाको ज्यान गएको नागरिक रक्षा कार्यालयले आइतबारको प्रतिवेदनमा जनाएको छ । ११ जना घाइते भएका र तीन जना बेपत्ता रहेका बताइएको छ ।

राज्यको मौसम पूर्वानुमानकर्ता पीएजिएएसएले आइतबार लुजोनको मुख्य टापुको दक्षिणी छेउमा रहेको बिकोल प्रायद्वीप र क्वेजोन प्रान्तमा भारी वर्षाको चेतावनी दिएको छ । यी अवस्थाहरूमा, बाढी र वर्षा-प्रेरित पहिरोको सम्भावित क्षेत्रहरूमा उच्च जोखिममा रहेका पिएजिएएसएका अधिकारीले जानकारी दिएका छन् । ८३ हजारभन्दा बढी मानिस विस्थापित केन्द्रहरूमा आश्रय लिएर बसेका र बाढी र भारी वर्षाका कारण १२ सयभन्दा बढी घरमा क्षति पुगेको सरकारी अधिकारीहरूले जानकारी दिएका छन् ।

फिलिपिन्स जलवायु परिवर्तनका प्रभावहरूका लागि सबैभन्दा जोखिममा परेका राष्ट्रहरू मध्ये परेको वैज्ञानिकहरूले चेतावनी दिएका छन् । आँधीहरू अझ शक्तिशाली बन्दै गएका छन् । *रासस⁄एएफपी*

# पेरूमा आपत्काल घोषणा

**लिमा–** पेरुको सरकारले हालैका हप्ताहरूमा ४२ जनाको ज्यान लिने राष्ट्रपति डिना बोल्वार्टेविरुद्धको प्रदर्शनका कारण राजधानी लिमा र अन्य तीन क्षेत्रहरूमा आपत्कालीन अवस्थाको घोषणा गरेको छ ।

तीस दिनका लागि लागू हुनेगरी सेनालाई व्यवस्था कायम राख्न हस्तक्षेप गर्न अधिकार दिइएको छ । आन्दोलन र भेलाको स्वतन्त्रता जस्ता धेरै संवैधानिक अधिकारहरू निलम्बन गरेको प्रकाशित एक आदेश जनाइएको छ ।

अपदस्थ राष्ट्रपति पेड्रो कास्टिलोका समर्थकहरूले डिसेम्बरदेखि दक्षिण अमेरिकी देशभर सडकमा ¤याली र नाकाबन्दी गरेका छन्, नयाँ चुनाव र बोलुआर्टेलाई हटाउन माग गर्दै आन्दोलन जारी राखेका छन् । 'मेरो प्रतिबद्धता पेरूसँग छ,' शुक्रबार राति उनले टेलिभिजन सम्बोधन गर्दै राजीनामा दिन अस्वीकार गरेका छन् ।

आपत्कालीन अवस्थाले लिमा, कस्को र पुनोका क्षेत्रहरू, साथै राजधानीको छेउमा रहेको कालाओ बन्दरगाहलाई समेट्छ । पेरुमा शनिबार विरोधीहरू १०० भन्दा बढी सडक अवरोध गरेका थिए । लिमावरपर क्षेत्र मुख्यतया अशान्तिको केन्द्रबिन्दु भएको छ ।

दक्षिणी पेरुको प्रख्यात माचुपिचु साइटको प्रवेशद्वार कुस्कोको एयरपोर्ट, विरोध प्रदर्शनको कारण बन्द भएपछि शनिबार फेरि खुल्ला भएको छ । प्रदर्शनकारीहरूले यातायातमा पुग्ने प्रयास गरेपछि अधिकारीहरूले बिहीबार देशको दोस्रो सबैभन्दा ठूलो हवाई यातायात ह्यान्डल गर्ने एयरपोर्टमा रोकथाम उपायको रूपमा सञ्चालन निलम्बन गरेका छन् । रासस⁄एएफपी

# कोरोना महामारीबारे सूचना उपलब्ध गराउन चीनलाई आग्रह

**बेइजिङ–** विश्व स्वास्थ्य संगठनका प्रमुखले चीनले कोरोना महामारीको विषयमा सूचना उपलब्ध गराउन भनेका छ । उनले चिनियाँ स्वास्थ्य अधिकारीसँग शनिबार गरेको कुराकानीका क्रममा त्यसबारे सूचना उपलब्ध गराउन आग्रह गरेका हुन् ।

चीनको राजधानी बेइजिङबाट प्राप्त समाचारमा विश्व स्वास्थ्य संगठनका प्रमुख टेड्रस आधनम ग्याब्रियसले चीनको राष्ट्रिय स्वास्थ्य आयोगका निर्देशक मा सियाओइसँग कुराकानी गरेका हुन् । उनले दिएका जानकारीअनुसार विश्व स्वास्थ्य संगठनका प्रबन्ध निर्देशक ग्याब्रियसले चीनमा पछिल्लो समयमा फैलिएको कोरोना भाइरसका बारेमा विश्व स्वास्थ्य संगठनका साथै बाहिरी विश्वलाई पनि सूचना उपलब्ध गराउनू भनेका थिए ।





उता निर्देशक सियाओईले भने चीनले यहाँ कोरोना भाइरसको संक्रमण सुरु भएदेखि नै कोरोनाका बारेको सूचना उपलब्ध गराउँदै आएको बताएका थिए । निर्देशक सियाओइले चीनले नै सबैभन्दा बढी कोरोनाको उपचार, यसको भाइरसका साथै अन्य उपचारसम्बन्धी सूचनाहरू सुरुदेखि नै उपलब्ध गराउँदै आएको जानकारी सो अवसरमा दिएका थिए ।

विश्व स्वास्थ्य संगठन र अरु देशहरूले पछिल्लो समयमा चीनमा फैलिएको कोरोनाको सूचना उपलब्ध नगराएको आरोप लगाउँदै आएको छ । चीनले पनि यस संक्रमणका विषयमा कुनै पनि सूचना नलुकाएको र सबै सूचनाहरू उपलब्ध गराउँदै आएको दाबी गरेको छ ।

त्यस अवसरमा चीनले विश्व स्वास्थ्य संगठनसँग मिलेर काम गर्ने र यस विषयमा सूचनाका साथै उपचार व्यवस्था र अन्य प्राविधि विषयमा सूचना आदानप्रदान गर्ने सहमति भएको जनाइएको छ । साथै, महानिर्देशक ग्याब्रियसले कोरोना भाइरसको नियन्त्रणका लागि गर्दै आएको प्रयासका साथै यससम्बन्धी विविध प्राविधिक सूचनाहरू आदानप्रदान गर्दै आएकामा चीनको प्रशंसा गर्दै आएका थिए । *रासस⁄सिन्हवा*

# कम्बोडियाली प्रधानमन्त्री मालदिभ्स भ्रमणमा

**नोमपेन–** कम्बोडियाली प्रधानमन्त्री सामदेक टेको हुन सेन मालदिभ्सको भ्रमणमा गएका छन् । उनी आइतबार बिहान मालदिभ्सका लागि प्रस्थान गरेका हुन् ।

एकजना कम्बोडियाली अधिकारीले प्रधानमन्त्री हुन सेन मालदिभ्सको तीनदिने भ्रमणका लागि आइतबार बिहान मालदिभ्सको राजधानी माले प्रस्थान गरेको जानकारी दिए ।

कम्बोडिया र मालदिभ्सका बीचमा सन् १९९५ मा कूटनीतिक सम्बन्ध स्थापना भएपछि कम्बोडियाका प्रधानमन्त्रीको यो पहिलो भ्रमण भएको प्रधानमन्त्री हुन सेनसँगको भ्रमणमा रहेका कम्बोडियाली एकजना मन्त्री सिरी थामरोङले जानकारी दिएका छन् ।

नोम्पेन्हको अन्तर्राष्ट्रिय विमानस्थलमा उनले सो कुराको जानकारी दिए । उनले प्रधानमन्त्री हुनसेनको यस भ्रमणका क्रममा मालदिभ्ससँग दुई पक्षीय सम्झौता पनि हुने बताएका थिए ।

उनले भनेका थिए, 'प्रधानमन्त्री हुनसेनले मालदिभ्सका राष्ट्रपति इब्राहिम मोहम्मद सोलिहसँग द्विपक्षीय वार्ता गर्नुहुने छ । साथै, त्यस अवसरमा दुई देशका बीचमा केही सहमति र सम्झौता पनि हुने भएको छ ।'

उनले दुई देशका बीचमा विभिन्न छ वटा क्षेत्रमा सम्झौता हुन लागेको जानकारी दिए । कूटनीतिक, पर्यटन, स्वास्थ्य र वातावरणका क्षेत्रमा कम्बोडिया र मालदिभ्सका बीचमा समझदारी हुन लागेको पनि उनले जानकारी दिएका थिए । *रासस⁄सिन्हवा*

# इजरायली अदालत सुधारको विरोधमा प्रदर्शन

**तेलअविब–** इजरायलको नयाँ दक्षिणपन्थी गठबन्धन सरकारले न्यायपालिकामा सुधार गर्न ल्याएका योजनाको दशौं हजारले विरोध गरेका छन् । यहाँ भएको विरोध प्रदर्शनमा ८० हजारभन्दा बढीले भाग लिएका छन् । देशका प्रमुख शहरमा पनि जुलुससहित विरोध प्रदर्शन भएका छन् ।

प्रस्तावित सुधारका योजनामा सर्वोच्च अदालतका निर्णयसमेत उल्टयाउने अधिकार संसद्लाई दिने प्रावधान समावेश गरिएपछि जनता सडकमा उत्रिएका हुन् । उनीहरूले प्रस्तावित परिवर्तनलाई लोकतान्त्रिक शासनमाथिको आक्रमणका रूपमा व्याख्या गरेका छन् । कट्टरपन्थी सरकार स्थापनाका निम्ति सुधारका योजना अघि सारिएका आमजनताको अभिमत छ ।



राजधानी जेरुसेलमस्थित प्रधानमन्त्रीको निवासबाहिर र उत्तरी सहर हाइफामा पनि विरोध प्रदर्शन भएका स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । देशको आर्थिक राजधानी तेलअविबमा प्रदर्शनकारीले सडक अवरुद्ध गर्ने प्रयास गर्दा सुरक्षाकर्मीसँग झडप भएको थियो ।

राजनीतिक विश्लेषकहरूका अनुसार प्रस्तावित सुधारका योजनाले न्यायिक स्वतन्त्रतालाई संकुचित पार्ने, आर्थिक अनियमितालाई बढावा दिने तथा न्याय प्रणालीको विश्वसनीयतामा आँच आउने बताएका छन् । उनीहरूले प्रधानमन्त्री बेन्यामिन नेतान्याहुको गठबन्धनलाई 'लज्जाहीन सरकार'का रूपमा टिप्पणी गरेका छन् । रासस⁄एएफपी



## कुवेत/युएई/ओमनमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : RADISSION BLU HOTELS & TESORTS**

पूर्व स्वीकृति मिति २०७८/०७/२८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/०१ | LT. No. 279415 | चलानी नं. ६०१६७५२०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Assistant Cook | 10 | 5 | 120 | ५१,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |
| 2 | Cook/confectioner | 10 | 5 | 130 | ५५,४५० | | | | | | | |
| 3 | Housekeeping Attendant | 10 | 10 | 120 | ५१,१९५ | | | | | | | |
| 4 | Scafolder | 10 | 0 | 120 | ५१,१९५ | | | | | | | |
| 5 | Housekeeping Attendant | 10 | 5 | 120 | ५१,१९५ | | | | | | | |
| 6 | Receptionist/guest Service Agent | 10 | 10 | 120 | ५१,१९५ | | | | | | | |
| 7 | Waiter/waitress | 15 | 15 | 120 | ५१,१९५ | | | | | | | |

**कम्पनी : RADISSION BLU HOTELS & TESORTS**

पूर्व स्वीकृति मिति २०७९/०९/२८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/०१ | LT. No. 279415 | चलानी नं. ६०१९४९६०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Barman | 5 | 0 | 1400 | ४९,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |
| 2 | Chamberman/chambermaid | 5 | 5 | 1300 | ४५,९०५ | | | | | | | |
| 3 | Cleaner Worker | 10 | 0 | 1300 | ४५,९०५ | | | | | | | |
| 4 | Confectioner | 3 | 0 | 2000 | ७०,६२५ | | | | | | | |
| 5 | Cook General | 3 | 3 | 1600 | ५६,५०० | | | | | | | |
| 6 | Cook/confectioner Assistant | 10 | 10 | 1000 | ३५,३१५ | | | | | | | |
| 7 | Cooks | 3 | 3 | 1400 | ४९,४४० | | | | | | | |
| 8 | Foreign Food Cook | 3 | 0 | 2800 | ९८,८७५ | | | | | | | |
| 9 | General Helper | 10 | 10 | 1000 | ३५,३१५ | | | | | | | |
| 10 | Porter | 3 | 0 | 1200 | ४२,३७५ | | | | | | | |
| 11 | Receptionist Hotel | 0 | 4 | 1800 | ६३,५६५ | | | | | | | |
| 12 | Resturant Labour | 10 | 10 | 1000 | ४२,३७५ | | | | | | | |
| 13 | Steward (Steward/stewardess Restaurant) | 0 | 4 | 1600 | ५६,५०० | | | | | | | |
| 14 | Technical Worker | 15 | 0 | 1200 | ४२,३७५ | | | | | | | |
| 15 | Telephone Operator | 0 | 3 | 1200 | ४२,३७५ | | | | | | | |
| 16 | Waiter/waitress | 10 | 10 | 1200 | ४२,३७५ | | | | | | | |

**कम्पनी : KHIMJI INTERNATIONAL LLC**

पूर्व स्वीकृति मिति २०७९/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/०१ | LT. No. 270937 | चलानी नं. ६०१८६७६०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | OR | ने.रू. | | | | | | | |
| 1 | Dishwasher | 15 | 0 | 140 | ४७,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ९ गते (23rd Jan. 2023) सम्म हुनेछ**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**सेवा शुल्कः** निःशुल्क⁄-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

VISION & VALUE

श्रम ईजाजत नं. ८२२⁄०६६⁄०६७

**VISION & VALUE OVERSEAS PVT. LTD.**

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9851055165, 9846035174, 9851044323, 9810264566, 9818409268, 9818002688
Email:- applyvnv@gmail.com, visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८⁄९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०५००० | प्रति तोला – १०४५०० | प्रति तोला – १३९० |



**कालीगण्डकीमा र्‍याफ्टिङ** म्याग्दी सदरमुकाम बेनीस्थित कालीगण्डकी नदीमा र्‍याफ्टिङ गर्दै । गलेश्वरदेखि बेनीको दोभानसम्म नियमित जलयात्रा सञ्चालन गरिएको छ । *तस्बिरः कमल खत्री/रासस*

## नेपाल एयरलाइन्सको इलाम-काठमाडौं उडान सुरु

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल एयरलाइन्सले इलाम-काठमाडौं उडान सुरु भएको छ । सातामा एउटा उडान गर्ने गरी इलाम नगरपालिका र नेपाल एयरलाइन्सबीच सहमति समेत भएको छ ।

एक वर्षअघि करिब तीन महिना उडान भएर स्थगन भएको इलामको फाल्गुनन्द सुकिलुम्बा विमानस्थलमा आजदेखि पुनः उडान सञ्चालन हुने भएको हो । इलाम नगरपालिका-९ मा रहेको यस फल्गुनन्द सुकिलुम्बा विमानस्थलबाट गत वर्ष इलाम नगरपालिकाले तारा एयरसँग सम्झौता गरेर केही उडान गरेको थियो । तर सम्झौता सकिएसँगै उडानसमेत बन्द भएको छ ।

विमानबाट इलाम-काठमाडौं करिब एक घण्टामा एकोहोरो उडान गर्न सकिन्छ । आज करिब ८ बजे काठमाडौंबाट उडान गर्ने तालिका रहेको छ । इलाममा करिब ९ बजे आउने र साढे नौ बजे काठमाडौंका लागि उड्ने तालिका निर्धारण भएको इलाम नगर प्रमुख केदार थापाले बताए । उनले उडानसँगै इलाममा पर्यटकको संख्यामा वृद्धि हुने अपेक्षा लिएको जानकारी दिए ।

इलामबाट १९ सिट क्षमताको ट्वीनअटर जहाज सञ्चालन हुनेछ । इलामबाट काठमाडौंको एकतर्फी भाडा रु छ हजार तीन सय तोकिएको छ। काठमाडौंबाट इलामका लागि भने एकतर्फी भाडा रु छ हजार पाँच सय तोकिएको छ । तर ज्येष्ठ नागरिक, विद्यार्थी र बालबालिकालाई विशेष छुटको सुविधा उपलब्ध गरिएको नगरपालिकाले जनाएको छ । एक उडानमा दुई जना ७० वर्ष नाघेका ज्येष्ठ नागरिकलाई करबाहेकको रकममा ५० प्रतिशत भाडा छुट गरिएको छ ।

यात्रुले इलाम बजारस्थित सिटीमार्टको पहिलो तलाबाट टिकट लिने व्यवस्था मिलाइएको नगरपालिकाले जनाएको छ । यो विमानस्थलबाट इलामसहित पाँचथर, ताप्लेजुङ र भारतको दार्जिलिङका बासिन्दाले पनि सुविधा पाउने अपेक्षा गरिएको छ । पर्यटकीय क्षेत्र इलाम भएका कारण नियमित उडान राख्दा यात्रु पाउन समस्या नहुने नगरपालिकाले जनाएको छ । यस विमानस्थल छ सय ७० मिटर लम्बाइ र २० मिटर चौडाइको धावनमार्ग कालोपत्र गरिएको छ ।

### १५ औं योजना मध्यावधि समीक्षा

# 'कमजोर उपलब्धि, दीर्घकालीन असर'

■ हेमन्त जोशी

**काठमाडौं–** पन्ध्रौं पञ्चवर्षीय आवधिक योजना (आर्थिक वर्ष २०७६/७७-२०८१/८१)को मध्यावधि समीक्षा सकिएको छ । हाल कार्यान्वयनमा रहेको आवधिक योजनाको मध्यावधि समीक्षा प्रतिवेदन सार्वजनिक गर्दै राष्ट्रिय योजना आयोगले अधिकांश क्षेत्रमा लक्षित उपलब्धि हासिल हुन नसकेको जनाएको छ ।

पन्ध्रौं पञ्चवर्षीय योजना कार्यान्वयनको करिब तीन वर्ष बितिसकेको छ । सरकारले २०७६ फागुनमा यो आवधिक योजना लागू गरेको थियो । त्यसको अर्को महिनाबाटै कोभिड- १९ महामारी रोकथामका लागि भन्दै सरकारले देशव्यापी लकडाउन सुरु गर्‍यो । जसकारण आवधिक योजनाले वार्षिकरूपमा लिएको लक्ष्य हासिल गर्न नसकिएको आयोगको भनाइ छ । 'पञ्चवर्षीय योजना कार्यान्वयनको पहिलो आर्थिक वर्षमा नै कोभिड महामारीले देशको आर्थिक, सामाजिक अवस्थामा गम्भीर असर पारेका कारण मुलुकको अर्थतन्त्र खुम्चिन पुग्यो । यस अवधिमा यो योजनाले तय गरेका नीति, रणनीति, कार्यनीति र कार्यक्रमहरूको कार्यान्वयनमा अपेक्षित तीव्रता दिन सकिएन', समीक्षा प्रतिवेदनमा भनिएको छ ।

विद्यमान आवधिक योजनाले राखेका अधिकांश लक्ष्य प्राप्त हुनसकेको देखिँदैन । यो आवधिक योजना अवधिभर औसत आर्थिक वृद्धिदर नौ दशमलव छ प्रतिशत राख्ने लक्ष्य सरकारको थियो । तर पछिल्लो तीन वर्षको औसत आर्थिक वृद्धिदर हेर्ने हो भने दुई दशमलव दुई प्रतिशत बराबरमात्रै देखिन्छ । योजना कार्यान्वयन भएको सुरुको वर्ष आर्थिक वृद्धिदर आठ दशमलव पाँच प्रतिशत पुर्‍याउने सरकारी लक्ष्य थियो । तर कोभिड महामारीका कारण योजना कार्यान्वयनको पहिलो वर्ष नै आर्थिक वृद्धिदर दुई दशमलव चार प्रतिशतले ऋणात्मक हुन पुग्यो । आर्थिक वृद्धिदर दोस्रो र तेस्रो वर्ष क्रमशः तीन दशमलव आठ र पाँच दशमलव पाँच प्रतिशतमा सीमित रह्यो ।

पन्ध्रौं पञ्चवर्षीय योजनाले कृषि क्षेत्रमा औसत पाँच दशमलव चार प्रतिशतको वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ । तर पछिल्लो तीन वर्षको कृषि क्षेत्रको औसत वृद्धिदर दुई दशमलव पाँच प्रतिशत बराबरमात्रै छ । त्यस्तै उद्योग क्षेत्रको वृद्धिदर १५ प्रतिशत पुग्ने लक्ष्य राखिएकामा तीन वर्षमा औसत तीन दशमलव




चार प्रतिशत बराबरमात्रै वृद्धि देखिएको छ ।

सेवा क्षेत्रको वृद्धिदर पनि लक्ष्यभन्दा कम छ । तीन वर्ष अवधिमा सेवा क्षेत्रको वृद्धिदर औसत एक दशमलव आठ प्रतिशत बराबर छ । जबकि, पन्ध्रौं योजनाले सुरुका तीन वर्षका लागि सेवा क्षेत्रको वृद्धिदर औसत नौ दशमलव चार प्रतिशत बराबर रहने लक्ष्य तय गरेको थियो ।

पछिल्ला वर्षहरूमा कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा गैरकृषि क्षेत्रको योगदान बढ्दै गएको छ भने कृषि क्षेत्रको योगदान घट्दै गएको छ । द्वितीय क्षेत्रको घट्दो योगदान र सेवा क्षेत्रको तीव्र विस्तारले आर्थिक असमानता बढाउने जोखिम भएकाले अर्थतन्त्रमा देखिएको विद्यमान संरचनात्मक परिवर्तनमा बहस हुन आवश्यक रहेको पनि समीक्षा प्रतिवेदनमा भनिएको छ ।

पन्ध्रौं योजनाले आव २०७८/७९ सम्ममा नेपालको प्रतिव्यक्ति आय एक हजार तीन सय ३७ अमेरिकी डलर बराबर पुर्‍याउने लक्ष्य राखेकामा उक्त लक्ष्य भने पूरा भएको छ । हाल नेपालको प्रतिव्यक्ति आय एक हजार तीन सय ८१ अमेरिकी डलर बराबर छ । नेपाललाई अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति गर्नका लागि यो एउटा महत्वपूर्ण मापदण्ड हो ।

त्यस्तै विद्यमान आवधिक योजनाले जिडिपी अनुपातमा कुल राष्ट्रिय बजेट ४२ दशमलव एक प्रतिशतदेखि ४३ दशमलव तीन प्रतिशतको बीचमा रहने अनुमान गरेको थियो । सो अनुपात योजना कार्यान्वयनको पहिलो वर्ष ४४ प्रतिशत र दोस्रो वर्ष ४० प्रतिशत रहेको देखिन्छ । त्यस्तै विनियोजित बजेटको अनुपातमा कुल खर्च न्यून रहँदा त्यसबाट लक्षित उपलब्धि हासिल हुनसकेको देखिँदैन ।

जिडिपी अनुपातमा कुल राष्ट्रिय बचत ४७ दशमलव पाँचदेखि ५१ प्रतिशतको बीचमा राख्ने लक्ष्य पन्ध्रौं आवधिक योजनाले निर्धारण गरेको छ । तर पछिल्लो तीन वर्ष अवधिमा उक्त अनुपात औसत करिब ३२ दशमलव पाँच प्रतिशतमा सीमित देखिन्छ । त्यसैगरी हालको आवधिक योजनाले जिडिपीसँग कुल गार्हस्थ्य बचतको अनुपात २० दशमलव पाँच प्रतिशतदेखि २२ प्रतिशतमा कायम राख्ने लक्ष्य लिएको छ । समीक्षा अवधिमा उक्त अनुपात औसत सात दशमलव चार प्रतिशत बराबरमात्रै छ ।

जिडिपीसँग कुल राष्ट्रिय लगानीको अनुपात ३५ देखि ४१ प्रतिशत हुने अनुमान पनि अहिले कार्यान्वयनमा रहेको आवधिक योजनाले राखेको छ । तर यस्तो अनुपात योजना कार्यान्वयनको पहिलो वर्ष ३० दशमलव ४४, दोस्रो वर्ष ३५ दशमलव आठ र तेस्रो वर्ष ३७ दशमलव तीन प्रतिशत रहेको देखिन्छ ।

त्यस्तै जिडिपी अनुपातमा पुँजीगत खर्च पहिलो वर्ष १५ दशमलव तीन प्रतिशत र दोस्रो वर्ष १६ दशमलव आठ प्रतिशत पुर्‍याउने लक्ष्य पञ्चवर्षीय योजनामा राखिएको थियो । तर यो अवधिमा औसत पाँच दशमलव चार प्रतिशत बराबर मात्रै खर्च भएको देखिन्छ ।

अहिलेको मात्र नभई यसभन्दा अघिका आवधिक योजनाको लक्ष्य प्राप्तिमा पनि सरकार चुक्दै आएको छ । स्रोत, साधन, सामर्थ्य नहेरीकनै हचुवाका भरमा तयार पारिएका योजना र तय गरिएका लक्ष्य प्राप्त गर्नका लागि गरिएका पहलको प्रभावकारितामाथि प्रश्न उठ्दै आएका छन् । सरकारले बनाएका आवधिक योजना असफल हुनु र तोकिएका लक्ष्य नभेटिनुका पछाडि यथार्थपरक योजना बन्न नसक्नुदेखि राजनीतिक अस्थिरतासम्मका कारण जिम्मेवार रहेको अर्थतन्त्रका जानकार बताउँछन् ।

आवधिक योजनाका लक्ष्य नै कत्तिको यथार्थपरक छन् र तिनलाई प्राप्त गर्न राजनीतिक नेतृत्वले कस्तो भूमिका खेलेको छ ? भनेर बुझ्नु आवश्यक रहेको राष्ट्रिय योजना आयोगका निवर्तमान उपाध्यक्ष विश्व पौडेल बताउँछन् ।

अघिल्लो आवधिक योजना कार्यान्वयनमा रहँदा एउटै दलले सरकार चलाउने अवसर पाएको भए पनि त्यसको समेत लक्ष्य नभेटिएको पौडेलले टिप्पणी गरे । त्यस्तै सरकारले तय गरेका लक्ष्यको यथार्थपरकता र कार्यान्वयनका लागि संस्थागत क्षमतामाथि पनि उनले प्रश्न गरे । 'हाम्रो क्षमता र हामीले राख्ने लक्ष्यको तादम्यता छैन । यो लक्ष्य जसरी पनि पूरा गर्नपर्छ भन्ने राजनीतिक प्रतिबद्धता छैन र त्यसपछि संस्थागत क्षमताको पनि कुरा आउँछ', पौडेलले भने ।

मौजुदा आवधिक योजनाको समीक्षा अवधिसम्ममा लक्षित उद्देश्य हासिल हुन नसक्नुमा कोभिड-१९ महामारी असर र नेपालको राजनीतिक अस्थिरतालाई प्रमुख कारण मान्न सकिने राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्रा डा पुष्पराज कँडेल बताउँछन् । यसरी आवधिक योजनाका लक्ष्य प्राप्तिमा देखिएको असफलताले दीर्घकालसम्मै असर गर्छ । पन्ध्रौं योजनाका लक्ष्य प्राप्त गर्न नसक्दा त्यसको असर दीर्घकालसम्म देखिने राष्ट्रिय योजना आयोगका सचिव केवलप्रसाद भण्डारी बताउँछन् । 'कतिपय लक्ष्यहरू ठिकै छन्, कतिपय प्राप्त हुन नसक्ने अवस्थामा छन् । जसकारण हामीले दीर्घकालीन लक्ष्य संशोधन गर्नुपर्ने हुनसक्छ', भण्डारीले भने ।

कोभिड-१९ महामारीका कारण पञ्चवर्षीय योजनाले तय गरेका प्राथमिकताहरू समेत बदलिएको योजना आयोगको भनाइ छ । पूर्वाधार विकासभन्दा सामाजिक र मानव विकाससँग जोडिएका विषयमा बढी केन्द्रित हुनुपरेको उसको दाबी छ । 'महामारीपछि विश्व अर्थतन्त्रमा आएको परिवर्तन र भोग्नुपरेको आर्थिक सङ्कुचनबाट उत्पन्न चुनौती सम्बोधन गर्न आर्थिक पुनरुत्थान र राहतका कार्यक्रमहरू अवलम्बन गरिए', आयोगले समीक्षा प्रतिवेदनमा भनेको छ । *रासस*

## बुटवल पावर कम्पनीको लाभांश पारित

■ प्रभाव संवाददाता




**काठमाडौं–** बुटवल पावर कम्पनी लिमिटेडको वार्षिक साधारणसभा सम्पन्न भएको छ । शनिबार राजधानीमा सञ्चालक समितिका अध्यक्ष पद्म ज्योतिको अध्यक्षतामा ३० औं वार्षिक साधारण सभा सम्पन्न भएको हो ।

उक्त सभाले सेयरधनीहरूलाई आ.व. २०७८/७९ को खुद मुनाफा तथा संचित नाफावाट चुक्ता पुँजीको ७.५ प्रतिशत नगद लाभांश वितरण गर्ने तथा ५ प्रतिशत बोनस सेयर जारी गर्ने लगायत सञ्चालक समितिवाट पेस भएका सबै प्रस्तावहरू पारित गरेको छ। नेपाल सरकारको आंशिक लगानी रहेका कारण कम्पनी ऐन, २०६३ वमोजिम नेपाल सरकारको स्वीकृति लिएर सेयरधनीहरूलाई नगद लाभांश यथाशक्य छिटो वितरण गरिने जनाइयो । बोनस सेयर जारी भएसंगै कम्पनीको चुक्ता पुँजी तीन अर्ब ४० करोड ९० लाख ६४ हजार ६०० रुपैयाँ कायम गरिएको कम्पनीले जनाइएको छ ।

कम्पनीले सञ्चालन गर्दै आएका ९.४ मेगावाटको आँधिखोला र १२ मेगावाटको झिमरुक जलविद्युत केन्द्रहरू नियमित रूपमा सञ्चालन भैरहेको पनि उक्त अवसरमा जानकारी दिइयो । साथै सहायक तथा सम्वद्ध कम्पनीहरू मार्फत सञ्चालित ४ मे. वा. को खुदी जलविद्युत केन्द्र र ६० मे. वा. को खिम्ती प्रथम जलविद्युत केन्द्रको सञ्चालन सुचारु रूपमा हुँदै आएको जनाइएको छ । खिम्ती प्रथम जलविद्युत केन्द्रको स्वामित्वको आधा हिस्सा जुलाई २०२० देखि नेपाल विद्युत प्राधिकरणमा गइसकेको पनि साधारण सभामा उल्लेख गरियो ।

कम्पनीले लमजुङ्ग जिल्लास्थित ३० मेगावटको न्यादी जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भई २०७९ बैशाख २७ देखि सञ्चालनमा ल्याइसकेको छ । नेपाल विद्युत प्राधिकरणवाट निर्माण हुनु पर्ने प्रशारण लाईन निर्माणमा ढिलाई भएका कारण आयोजनाले बैकल्पिक प्रशारण लाईन निर्माण गरी विद्युत आपूर्तिको व्यवस्था गरिएको छ । यद्यपी नेपाल विद्युत प्राधिकरणले वर्षायाममा सबै विद्युत नलिएका कारण सो आयोजनालाई मर्का पर्न गएको छ । ३७.६ मेगावटको कावेली ए जलविद्युत आयोजनाको स्थानीय रूपमा वित्तिय लगानी जुटाएर निर्माण कार्य पुनः सुचारु गर्नका लागि तयारी भैरहेको पनि उक्त अवसरमा जानकारी दिइयो ।

तीन चिनियाँ लगानी कर्ताहरूसँगको संयुक्त लगानीमा मर्स्याङदी नदीमा निर्माणको चरणमा रहेका अयोजनाहरूमा १३५ मेगावाटको मनाङ मर्स्याङदी जलविद्युत आयोजना, १३९.२ मेगावाटको तल्लो मनाङ मर्स्याङ्दी जलविद्युत आयोजना र ३२७ मेगावाटको माथिल्लो मर्स्याङ्दी दोश्रो जलविद्युत आयोजना क्यासकेड अर्ध जलाशययुक्त अवधारणामा (कुल जम्मा ६०१ मेगावाट) अगाडि बढाउने क्रममा रहेको पनि उक्त अवसरमा जानकारी दिइयो । त्यस्तै ७.९ मेगावाटको चिनोखोला जलविद्युत आयोजना पनि निर्माणको तयारीमा रहेको छ। १६० मेगावट को मुगु कर्णाली जलविद्युत आयोजना र ७ मेगावट को झिमरुक सौर्य आयोजनाहरू पनि सम्भाव्यता अध्ययनकै क्रममा रहेको पनि उक्त अवसरमा जानकारी गराइयो ।

## नारायणीमा चल्यो क्रुजसिप

**चितवन (प्रस)–** नारायणी नदीमा 'क्रुजसिप' सञ्चालनमा आएको छ । राइनो वाटर इन्टरटेन्मेन्ट कम्पनीले क्रुजसिप सञ्चालनमा ल्याएको हो । दुई वर्ष पहिले नै क्रुजसिपको परीक्षण गरिएको थियो। कोभिड माहामारी र केही नीतिगत व्यवधानका कारण क्रुजसिप सञ्चालनमा ल्याउन कठिन भएको कम्पनीले जनाएको छ ।

कम्पनीका कार्यकारी निर्देशक दीपक ढुङ्गेलका अनुसार सबै प्रक्रिया पूरा गरेर क्रुजसिप सञ्चालन गर्न लागिएको जानकारी दिए । तीन तलाको क्रुजसिपमा कुल एक सय ८० जना सवार गर्न सक्ने छन् ।

क्रुजसिपमा यात्रा गर्ने यात्रुहरूको रू १० लाख बराबरको बीमा गरिएको छ । क्रुजसिपमा सवार हुनका लागि टिकट रू सात सय, ब्रेकफास्ट क्रुजिङको रू एक हजार पाँच सय, लञ्च क्रुजिङ रू दुई हजार र डिनर क्रुजिङ दुई हजार पाँच सय तेकिएको ढुङ्गेलले जानकारी दिए ।

भरतपुर महानगरपालिका वडा नम्बर १६ ज्ञानेश्वर सामुदायिक वन स्थित काभ्रेघाटमा क्रुजसिपको स्टेसन छ । एक पटकमा यात्रुले करिब एक घण्टा नारायणी नदीमा क्रुजको मज्जा लिन पाउनेछन् ।

क्रुजसिपमा विवाह, ब्रतबन्ध, पास्नी, जन्मोत्सव, वैवाहिक वर्षगाँठ लगायतका गतिविधिहरू गर्न पाइने कम्पनीका प्रबन्ध निर्देशक रामचन्द्र कँडेलले बताए । क्रुजसिप निर्माणमा रु १५ करोड बढी खर्च भएको कँडेलले जानकारी दिए । उनका अनुसार क्रुज सञ्चालनका लागि ४० किलोमिटरसम्मको अनुमति लिइएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ